'देश विकासका लागि सामाजिक र सांस्कृतिक... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २२८ • २०८१ साल पुस २९ गते सोमबार (13 January, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

### लोसपा महाधिवेशनः

## पाँच सदस्यीय निर्वाचन समिति गठन तयारी




**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ लोकतान्त्रिक समाजवादी पार्टी नेपालले प्रथम महाधिवेशनका लागि पाँच सदस्यीय निर्वाचन समिति गठन गर्ने तयारी थालेको छ। महाधिवेशनको तयारीमा रहेको लोसपा नेपालले महाधिवेशनका लागि निर्देशिका पनि तयार गरेको छ।

सो निर्देशिकाअनुसार महाधिवेशनका लागि पाँच सदस्यीय निर्वाचन समिति गठन गर्ने उल्लेख अनुसार गरिएको छ।

निर्देशिकामा प्रदेश अधिवेशनका लागि केन्द्रीय समितिले पाँच सदस्यीय, जिल्ला अधिवेशनका लागि प्रदेश समितिले तीन सदस्यीय निर्वाचन समिति गठन गरिने भएको छ । प्रदेश समिति नरहेको ठाउँमा केन्द्रीय समितिले सो समिति गठन गर्ने भनिएको छ। निर्वाचन क्षेत्रीय अधिवेशन तथा पालिका अधिवेशनका लागि तीन-तीन सदस्यीय निर्वाचन समिति गठन गर्ने भनिएको छ।

लोसपा नेपालको निर्देशिका अनुसार पालिका, क्षेत्रीय अधिवेशन, जिल्ला अधिवेशन, प्रदेश अधिवेशन तथाकेन्द्रीयमहाधिवेशनकाप्रतिनिधिहरूको नामावली सम्बन्धित निर्वाचन समितिमा कम्तीमा २४ घण्टा पहिले दिनुपर्ने हुन्छ।

निर्वाचन क्षेत्रमा सक्रिय रहेको भातृ संगठनले अधिवेशनका लागि ५ जना, जिल्लामा रहेको भातृ संगठनले पनि ५ जना प्रतिनिधि चयन गर्ने प्रावधान निर्देशिकामा राखेको छ। त्यस्तै प्रदेश अधिवेशनका लागि प्रदेशमा सक्रिय रहेका भातृ संगठनले सात जना प्रतिनिधि चयन गर्नुपर्नेछ। त्यस्तै केन्द्रमा सक्रिय रहेको भातृ संगठनले केन्द्रीय महाधिवेशनका लागि सात जना प्रतिनिधि चयन गर्ने प्रावधान रहेको छ।

लोसपा नेपाल निकट लोकतान्त्रिक शिक्षक संघ, लोकतान्त्रिक प्राध्यापक संघ, लोकतान्त्रिक बुद्धिजीवी संघ, लोकतान्त्रिक कानुन व्यवसायी संघ, सेवा निवृत्त शिक्षक तथा कर्मचारीहरूमध्ये निर्वाचन समिति गठन गर्ने निर्देशिकामा उल्लेख गरिएको छ । अधिवेशन गराउने क्रममा कुनै वैधानिक जटिलता उत्पन्न भएमा केन्द्रीय निर्वाचन समितिको निर्णय अन्तिम हुने निर्देशिकामा उल्लेख रहेको छ।

### भ्रष्टाचार मुद्दामा अदालतको फैसला

## नरहाका प्रमुख प्रशासकीय अधिकृत र लेखापाललाई कैदसहित जरिवाना

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहाको नरहा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखापाललाई भ्रष्टाचार मुद्दामा विशेष अदालतले दोषी ठहर गरेको छ। ६ महिनाअघि दायर गरिएको मुद्दामा विशेष अदालतले दोषी ठहर हुने फैसला गर्दै नरहा गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत भुवेशकुमार झा र लेखापाल सुरेशकुमार कुसियैतलाई कैदसहित जरिवानाको फैसला गरेको छ।

विशेष अदालतले आइतबार अनियमितता गरेको भन्दै उनीहरूलाई सजायको फैसला सुनाएको छ। विशेष अदालतले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत झा र लेखापाल कुसियैतलाई जनही ६-६ महिना कैद सजाय सुनाएको छ। त्यस्तै उनीहरूले बिगो रकम ६ लाख २० हजार रुपैयाँको दामासाहीले हुन आउने रकम जरिवानासमेत तिर्नुपर्ने फैसला गरेको छ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाको संयुक्त इजलासले भ्रष्टाचार मुद्दामा जरिवानासहित कैदको फैसला सुनाएको छ। प्रशासकीय अधिकृत झा र लेखापाल कुसियैतलाई औषधि खरिदमा अनियमितता गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान




आयोगमा उजुरी परेको थियो । सो उजुरीमा आर्थिक वर्ष २०७४/०७५ मा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भई खरिद भएको ५७ प्रकारका औषधिजन्य मालसामानमा अनियमितता भएको दाबी गरिएको थियो।

आर्थिक वर्ष २०७४/०७५ मा नरहा गाउँपालिकाले नियोमेड इन्टरनेशनलसँग ५७ प्रकारको औषधिजन्य मालसमान खरिद गरेको थियो । सो मालसमानको नियमविपरीत भुक्तानी आदेश र जिन्सी दाखिला प्रतिवेदनविना नै आपूर्तिकर्ताले पेश गरेको बिल बमोजिमकै सम्पूर्ण रकम भुक्तानी दिएको आयोगले ठहर गरेको थियो।

सो मालसामानको नियमविपरीत भुक्तानी आदेश र जिन्सी दाखिला प्रतिवेदन विना नै आपूर्तिकर्ताले पेस गरेको बिल बमोजिमकै भुक्तानी गरिएको देखाएको थियो । सो विषयमा अनुसन्धान गरी अख्तियारले चालु आर्थिक वर्षको असार २५ मा दुवैजनामाथि मुद्दा दायर गरिएको थियो।

अख्तियारले 'नरहा गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयले नियोमेड इन्टरनेशनलसँग खरिद गरेको जम्मा ५७ प्रकारका औषधिजन्य मालसामानहरूको नियम विपरित भुक्तानी आदेश र जिन्सी दाखिला प्रतिवेदनबिना नै आपूर्तिकर्ताले पेश गरेको बिल बमोजिमकै सम्पूर्ण रकम आपूर्तिकर्तालाई भुक्तानी गरी ५७ प्रकारका औषधिजन्य मालसामानहरू मध्येबाट ६ लाख २० हजार ९६ रुपैयाँ बराबरका औषधिजन्य मालसामानहरू वितरण नगरी/नगराई औषधिजन्य मालसामानहरू हानिनोक्सानी गरे/गराएको हुँदा निजलाई हानीनोक्सानी भएको रकमलाई बिगो कायम गरी बिगो बमोजिम जरिवाना सजाय हुन हानिनोक्सानी भएको बिगो असुलउपर हुन साथै जिन्सी मालसामानको खातामा ५७ प्रकारका औषधिजन्य मालसामानहरूको विवरण दाखिला गरेको बनाई बनाउन लगाई उक्त खातालाई प्रमाणित गरी सरकारलाई हानि पुऱ्याउने बदनियतले गलत लिखत तयार गरी/गराई कसुर गरेको पुष्टि हुन आयो' अख्तियारको अभियोगपत्रमा उल्लेख गरेको थियो।

सोही प्रकरणमा कुल २२ लाख ६१ हजार रुपैयाँभन्दा बढीको औषधि खरिदको भुक्तानी भएको थियो। तर १६ हजार ४१ लख रुपैयाँ मूल्य बराबरको औषधि मात्र वितरण भएको देखिएको थियो । बाँकी औषधि कहाँ रहेको भनी खुलाइएको थिएन । जसले गर्दा पालिकाको स्टोरमा पनि नभेटिएको विशेष अदालतले राय किताबमा उल्लेख गरेको छ।






# एनसेलको सधैं अनमा अब फ्रि अनलिमिटेड नाइट डेटा

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलले आफ्ना सधैं अन प्याकहरु लिने ग्राहकहरुलाई आकर्षक अनलिमिटेड नाइट डेटा प्याक दिन थालेको छ । यससँगै अब बिना कुनै अतिरिक्त शुल्क ग्राहकले रातको समयमा अनलिमिटेड मोबाइल इन्टरनेट पहुँचको फाइदा लिन सक्छन् ।




बिहीबार (पुष २५)बाट शुरु भएको यो योजना अन्तर्गत सधैं अनका रु ३९९ बाट शुरु हुने बेस्ट र रु ७९९ बाट शुरु हुने अनलिमिटेड प्याक लिने ग्राहकले राती ११ बजेदेखि बिहान ७ बजेसम्म अनलिमिटेड डेटा सेवाको फाइदा लिन सक्छन् । यसको मतबल प्याकमा पाइने बन्डल सेवा, सुविधा बाहेक अब ग्राहकहरुले यो नाइट डेटा पनि पाउँछन् ।

सधैं अन लिने ग्राहकलाई थप लाभ प्रदान गर्नका लागि एनसेलले यो योजना लागु गरेको हो । रु ३९९, रु ४९९, रु ५९९ का बेस्ट प्याक र रु ७९९, रु ९९९ र रु १,४९९ का अनलिमिटेड प्याक लिने ग्राहकहरुले यो योजनाबाट फाइदा लिन सक्छन् । यो थप सुविधा बाहेक कम्पनीले यी प्याकहरु लिने ग्राहकलाई पहिला नै अनलिमिटेड यूट्युबमा पहुँच प्रदान गर्दै आएको छ ।

२८ दिन भ्यालिडिटी रहेको बेस्ट प्याकमा प्याक अनुसार बन्डल सेवामा ग्राहकले ८ जीबीदेखि २० जीबीसम्म डेटा, ३९९ मिनेटदेखि ५९९ मिनेटसम्म अल नेपाल टक टाइम प्रदान गर्दै आएको छ । त्यसैगरी सधैं अनको अनलिमिटेड प्याकका ग्राहकहरुले ३० जीबीदेखि १०० जीबीसम्म डेटा र अन लिमिटेड अल नेपाल टक टाइम पाउँदै आएका छन् ।

एनसेलले गत जेठमा फाइभजी भिजनमा आधारित हुँदै सधैं अन योजना संचालनमा ल्याएको थियो । यसको मुख्य औचित्य भनेको आम नेपाली ग्राहकहरूलाई आफ्नो ब्यालेन्स खतम हुने डर नगरी डेटा सधैं अन राख्न प्रेरित गर्दै सशक्त बनाएर डिजिटल भविष्यतिर डोर्याउनु हो ।

संयुक्त व्यापार मञ्च बैठक :

# द्विपक्षीय व्यापार विस्तारमा जोड




काठमाण्डु । नेपाल-भारत संयुक्त व्यापार मञ्च (जेबीएफ) को दोस्रो बैठक द्विपक्षीय व्यापार विस्तारमा जोड दिँदै आइतबार यहाँ सम्पन्न भएको छ । दुई देशबीचको आर्थिक र व्यावसायिक सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्देश्यले भएको उक्त बैठकमा नेपाल र भारतका प्रतिनिधि सहभागी थिए ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार रहेको उल्लेख गर्दै जेबीएफको बैठकमा भएका सहमतिलाई दुवै पक्षले कार्यान्वयनमा लैजानुपर्ने बताउनुभयो । उहाँले दुवै देशबीच आयात निर्यातमा देखिएका समस्या समाधान सहज ढङ्गले हुनेगरी काम गर्नुपर्ने बताउनुभयो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले मञ्चको बैठकबाट प्रस्तुत भएका विषयको व्यावहारिक कार्यान्वयन आवश्यक रहेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल र भारतबीच आर्थिक क्षेत्रमा अथाह सम्भावना रहेको उल्लेख गर्दै दुवै क्षेत्रमा देखिएका समस्या समाधानका लागि नीतिगत सुधार तथा व्यावहारिक समाधान खोजेर अघि बढ्नुपर्ने बताउनुभयो । सो अवसरमा उहाँले गैरभन्सार अवरोध हटाउने, नेपाली वस्तु निर्यातमा ब्यूरो अफ इन्डियन स्ट्यान्डडर्स (बिआइएस) को प्रमाणीकरण प्रक्रियाले गर्दा देखिएका समस्या समाधानका लागि सहजीकरण गर्ने, भैरहवा र पोखरा विमानस्थलसँग भारतका सहर जोड्ने र नेपालका जलविद्युत् तथा अन्य निमार्णजन्य विकासका लागि आवश्यक विस्फोटक पदार्थ सहज आपूर्ति आवश्यक भएको बताउनुभयो ।

अध्यक्ष ढकालले मुन्द्रा (गुजरात), धामरा (उडीसा) र जवाहरलाल नेहरू बन्दरगाह (मुम्बई) लगायतका भारतीय बन्दरगाहमा नेपालको पहुँच विस्तारको विषय उठान गर्नुभएको थियो ।

नेपाल-भारत वाणिज्य सचिवस्तरीय बैठककै अङ्गकै रूपमा रहेको जेबीएफ बैठकमा नेपाल र भारतका प्रतिनिधिले व्यापार, लगानी, ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधि र पूर्वाधार विकासलगायत विषयमा छलफल गरेका थिए ।

संयुक्त बैठकमा जलविद्युत् र नवीकरणीय ऊर्जा, सौर्य, वायुलगायत परियोजनामा सहकार्य गर्दै स्वच्छ ऊर्जा प्रवर्द्धन, पर्यटन र कनेक्टिभिटी, सडक, रेल र हवाई सम्पर्क सुदृढ गर्दै सीमापार व्यापार सहज बनाउने, व्यापार र सीमापार लगानी, कृषि र औषधीय वनस्पति, कृषि उत्पादनको कोटा हटाई उच्च बीउ तथा प्रविधि उपलब्ध गराउने, औषधीय वनस्पतिमा अनुसन्धान र व्यावसायीकरणको सहकार्य, डिजिटल प्रविधि र स्टार्टअप सहयोगलगायत विषयमा आवश्यक सहजीकरण गर्ने सहमति भएको छ ।

बैठकमा भएका सहमतिका विषयलाई शनिबार नै नेपाल र भारतका वाणिज्य सचिवलाई हस्तान्तरण गरिएको छ । भारतीय वाणिज्य सचिव सुनिल वर्थवाल र नेपालका वाणिज्य सचिव गोविन्दबहादुर कार्कीलाई मञ्चका अध्यक्ष भवानी राणा र सन्थिल कुमारले सो सहमति हस्तान्तरण गर्नुभएको थियो । भारतका वाणिज्य सचिव बर्थवालले जेबीएफमा उठेका एजेण्डा कार्यान्यवनका लागि आफ्नो पक्षबाट पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले दुई देशबीचको आर्थिक मुद्दामा यो बैठक महत्त्वपूर्ण रहेको उल्लेख गर्दै यहाँ उठेका विषयमा सहजीकरणका लागि आफ्नोतर्फबाट पहल गर्ने बताउनुभयो । सो अवसरमा मञ्चका (नेपाल) अध्यक्ष भवानी राणाले नेपाल-भारतबीच लगानी र व्यापारको व्यापक सम्भावना रहेको तथा त्यसबाट लाभ लिन आवश्यक सहजीकरण हुनुपर्ने बताउनुभयो ।

यस्तै भारतीय पक्षबाट एन सुनिल कुमारले नेपाल-भारतबीच सडक, रेल र हवाई कनेक्टिभिटीमा सुधार भइरहेकाले आउने दिनमा थप सहजता थपिने बताउनुभयो । मञ्चको अर्को बैठक भारतको नयाँ दिल्लीमा आयोजना गर्ने सहमति भएको छ ।रासस

# इन्जिनियर श्रेष्ठविरुद्ध विशेष अदालतमा आरोप-पत्र दायर




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जलस्रोत तथा सिँचाइविभागतथाविभागअन्तर्गतका विभिन्न कार्यालयमा कार्यरत तत्कालीन इन्जिनियर विष्णुकुमार श्रेष्ठविरुद्ध विशेष अदालतमा आरोप-पत्र दायर गरेको छ ।

श्रेष्ठसँग भएको रु चार करोड ८८ लाख ३० हजार तीन सय २९ दशमलव ५४ पैसाको स्रोत नखुलेको उल्लेख गर्दै आइतबार अदालतमा आरोप-पत्र दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो ।

इन्जिनियर श्रेष्ठले लामो समय सिँचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रणका नाममा निर्माण हुने संरचनाबाट ठेकेदारसँग मिलेमतो गरी कमिसन लिई काठमाडौँ, ललितपुरलगायतका विभिन्न स्थानमा घर जग्गा तथा गाडी खरिद, विभिन्न कम्पनीमा लगानी र विभिन्न व्यक्तिहरुको नाममा समेत जग्गा जमिन र चलअचल सम्पत्ति लुकाइ स्रोत नखुलेको गैरकानूनी सम्पत्ति आर्जन गरेको आयोगले आरोप-पत्रमा उल्लेख गरेको छ ।

श्रेष्ठले सार्वजनिक पदमा रहँदा अख्तियारको दुरुपयोग गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्तिसमेत पत्नी लक्ष्मीकुमारी श्रेष्ठ, बुबा हरिकुमार श्रेष्ठ, आमा इन्द्रकुमारी श्रेष्ठ र छोरा विवेक श्रेष्ठ समेतका नाममा राखेको देखिएको आयोगको दाबी छ ।

आयोगले श्रेष्ठको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफतको माग गरेको छ । आयोगले श्रेष्ठकी पत्नी, बुबा, आमा र छोरालाई समेत प्रतिवादी कायम गरेको छ ।रासस

# माँ जानकी यातायातको निर्वाचन आज

**टुडे समाचारदाता**

जनकपुरधाम । माँ जानकी जनकपुरधाम यातायात प्रालि सञ्चालक समितिको निर्वाचन सोमबार हुँदैछ । सो निर्वाचनमा २६ जनाले उम्मेदवारी दिएका छन् ।

उम्मेदवारी दिनेहरुमा संस्थापक अध्यक्ष मनोज चौधरी, विजयकुमार यादव, अशोककुमार साह, नरेश साह, सुनिलकुमार मिश्र, मोहनकुमार पाण्डे, हरिशंकर प्रसाद यादव, रोशनकुमार साह, रुपेशकुमार चौधरी, रामसुशिल मिश्र, हकिम राइन, विजयकुमार पाण्डे, कामेश्वर ठाकुर, राजेश प्रसाद चौधरी रहेका छन् ।

त्यस्तै उम्मेदवारहरुमा तुलसीकुमार साह, देवेन्द्र यादव, सुनिलकुमार जालान, दिपेनद्रकुमार ठाकुर, रामचन्द्र यादव, धर्मनाथ मण्डल, संजितकुमार यादव(एकरहिया), संतोषकुमार राय, संतोष शिवहरे, पुस्करकुमार राय, संजितकुमार यादव(भ्रमरपुरा) र मुकेशकुमार यादव रहेका छन् ।

उम्मेदवारी दिएका मध्ये ११ जना सदस्यको चयन हुनेछ । उनीहरु चयन भए पछि निर्वाचित कार्यसमितिले नै अध्यक्षसहित सञ्चालक समितिको विभिन्न पदाधिकारीको चयन गरिने जनाइएको छ ।

सदस्यको निर्वाचन सोमवार विहान १० बजेदेखि बेलुका ४ बजेसम्म हुने निर्वाचन समितिले जनाएको छ ।

# राष्ट्रिय परिचयपत्रका आधारमा खाता खोल्ने व्यवस्था गर्न केन्द्रीय बैंकको निर्देशन

काठमाण्डु । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाले राष्ट्रिय परिचयपत्रका आधारमा खाता खोल्ने व्यवस्था मिलाउन सार्वजनिक सूचनामार्फत पुनः आग्रह गरेको छ । केन्द्रीय बैंकले यसअघि नै एकीकृत निर्देशनमार्फत बैंक तथा वित्तीय संस्थालाई निर्देश गरिसकेको थियो ।




राष्ट्रिय परिचयपत्रको सहज पहुँच सुनिश्चित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले प्रत्येक जिल्ला प्रशासन कार्यालयमार्फत राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सकिने व्यवस्था मिलाएको छ । यस्तै, काठमाडौँ उपत्यकामा समेत जिल्ला प्रशासन कार्यालयका अतिरिक्त अस्थायी शिविर मार्फत परिचयपत्र प्रदान गरिँदै आएको सूचनामा उल्लेख छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको पोर्टलमार्फत राष्ट्रिय परिचयपत्र नम्बर तथा आवेदनको स्थिति बुझ्न सकिने व्यवस्था गरिएको छ । विभागको पोर्टलमार्फत राष्ट्रिय परिचयपत्र नम्बरको जानकारी लिएर बैंक खाता खोली ग्राहकलाई सहजीकरण गर्न सबै बैंक तथा वित्तीय संस्थालाई आवश्यक निर्देशन दिइसकिएको केन्द्रीय बैंकको सूचनामा उल्लेख छ ।रासस

# सडकबत्ती जडान गर्न प्राधिकरणसँग सम्झौता

काठमाण्डु । टोखा नगरपालिकाले नगरभित्रका मुख्य सडकहरुमा सडकबत्ती जडान गर्न नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता गरेको छ ।

टोखाले नगरपालिकाभित्रका मुख्य सडकहरुमा यातायात व्यवस्था प्रभावकारी बनाउन र शान्ति सुरक्षा कायम गर्न तथा सामाजिक सुरक्षालगायतका सेवा सुविधालाई चुस्त दुरुस्त राख्न सडकबत्ती जडान गर्न प्राधिकरणसँग सम्झौता गरेको हो । टोखामा सडकवत्ती जडान गर्न नगरपालिकाले ६५ प्रतिशत र प्राधिकरणले ३५ प्रतिशत रकम व्यहोर्ने छन् । सम्झौताअनुसार टोखा नगरपालिकाले रु दुई करोड ८४ लाख ८३ हजार र प्राधिकरणले रु एक करोड ५३ लाख ३७ हजार लगानी गर्नेछन् ।

सडकबत्ती जडान गर्न प्रविधिको छनोट, बोलपत्रमार्फत खरिद कार्य सम्पन्न तथा निर्माण कार्यको सुपरिवेक्षणलगायतको कार्य प्राधिकरणले गर्ने सम्झौतामा उल्लेख छ । आयोजनामार्फत जडान गरिने सडकबत्ती संरचनाअन्तर्गत बिजुलीको खम्बा, तार, सडकबत्तीलगायतका वितरण प्रणाली प्राधिकरणको स्वामित्वमा हुनेछ ।

नगरपालिकाको स्वामित्वमा रहेका सोलार, सडकबत्ती जडित खम्बामा नयाँ स्मार्ट सडकबत्ती जडान गर्नुपर्ने भएमा नगरपालिकाले आफ्नै खर्चमा हटाइदिने, नगरपालिकाले सडकबत्ती उपयोग गरेवापत प्राधिकरणलाई तिर्नुपर्ने बाँकी बक्यौता रकम कानुन बमोजिम तिर्ने, सडकबत्तीको प्रयोग गरेवापतको रकम मासिक रुपमा प्राधिकरणलाई भुक्तानी गर्ने सम्झौतामा उल्लेख छ ।

सम्झौतापत्रमा नगरपालिकाको तर्फबाट नगरप्रमुख प्रकाश अधिकारी र प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीका साथै प्राधिकरणको तर्फबाट प्राधिकरणका उर्जा दक्षता तथा चुवावट नियन्त्रण विभागका निर्देशक टेकनाथ तिवारी, उपप्रबन्धक प्रमोद रिजाल र महाराजगञ्ज वितरण केन्द्रका प्रमुख बाबुराम सुवेदीले हस्ताक्षर गर्नुभयो ।रासस

# नेप्से परिसूचक २५ अङ्कले घट्यो

काठमाण्डु । यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक घटेको छ । आइतबार नेप्से परिसूचक २५ दशमलव ४१ अङ्कले घटेर दुई हजार छ सय नौ दशमलव ६७ बिन्दुमा कायम भएको हो ।

आइतबार तीन सय एक कम्पनीको ८० लाख ८१ हजार छ सय ३१ कित्ता शेयर ४६ हजार छ सय १४ पटक खरिदबिक्री हुँदा कारोबार रकम रू तीन अर्ब ९९ करोड ७९ लाख नौ हजार तीन सय २३ मा खुम्चिएको छ । सबै समूहको उपसूचक घटेको छ ।

सबैभन्दा बढी वित्त समूह तीन दशमलव ६० र विकास बैंक समूह एक दशमलव ६० प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ८६, होटल तथा पर्यटन शून्य दशमलव ७७, जलविद्युत् एक दशमलव ४४, लगानी शून्य दशमलव ३९ र जीवन बिमा समूह शून्य दशमलव १२ प्रतिशतले घटेको छ ।

उत्पादन तथा प्रशोधन एक दशमलव ३६, लघुवित्त शून्य दशमलव ८७, म्युचुअल फण्ड शून्य दशमलव ४२, निर्जीवन बिमा शून्य दशमलव ७३, व्यापार शून्य दशमलव १० र अन्य समूह शून्य दशमलव ६० प्रतिशतले घटेको छ । आजको कारोबारमा विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रू २० करोड ४१ लाख ५३ हजार आठ सय ७२ को कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी सिङ्गटी हाइड्रोइनर्जी लिमिटेडको छ लाख ३६ हजार आठ सय चार कित्ता शेयर किनबेच भएको छ ।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : बौद्धिक क्षेत्रमा मान र सम्मान मिल्नेछ।
वृष : धार्मिक कार्यमा सहभागी हुने योग छ।
मिथुन : शरीरमा गर्मीका कारण लाग्ने रोगले सताउने छ।
कर्कट : प्राविधिक शिक्षाको लगानीबाट राम्रो फाइदा हुने दिन
सिंह : गला र कलाको प्रदर्शन गर्ने दिन छ।
कन्या : धार्मिक कार्यको माध्यमबाट राम्रो आम्दानी हुनेछ।
तुला : लामो समयदेखि रोकिएका काम सञ्चालन हुनेछन्।
वृश्चिक : बोल्दा सोचेर बोल्नुपर्ने दिन छ।
धनु : सामाजिक कार्यमा थालेको काम सफल बन्नेछ।
मकर : पूर्वको लामो यात्रामा नजानु राम्रो हुनेछ।
कुम्भ : सानो कुराले मनमा खटपटी बढ्नेछ।
मीन : धर्म र संस्कार बुझ्ने मौका मिल्नेछ।
राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



सर्लाहीको पर्सा गाउँपालिका-६ पर्सास्थित मुस्लिम धर्माबलम्बीहरुले बनाएको दाहा (ताजिया) । एकसय १० फिट अग्लो ताजिया निर्माण गर्न बाँसलगायत विभिन्न रङ्गका प्लास्टिक र कागको प्रयोग गरिएको छ । यहाँ अहिले मेला जारी छ। *तस्बिरः रासस*

# बालबालिकामा अपाङ्गताको अवस्था पहिचान गर्ने





सिरहा । सिरहाको लहान नगरपालिकाले विद्यायल भर्ना भएका बालबालिकामा अपाङ्गताको अवस्था पहिचान अभियान सञ्चालन गर्ने भएको छ । त्यसका लागि नगरका ५९ सामुदायिक र ११ धार्मिक विद्यायलका शिक्षकहरूलाई तालिम दिन सुरु गरिएको नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख फिरोज कटुवालले जानकारी दिनुभयो ।

प्रमुख कटुवालका अनुसार ३५/३५ जनाको समूह बनाई पहिलो समूहलाई यही पुस २४, २५ र २६ गते तालिम दिइसकिएको र दोस्रो समूहको तालिम आइतबारदेखि सुरु गरिएको छ ।

यस अभियानले फरक क्षमता भएका बालबालिकाको पहिचान र समयमै उपचार गरी शिक्षण सिकाइमा सहजता ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । "हामीले बालविकासदेखि कक्षा ३ सम्मका बालबालिकाको अपाङ्गताको अवस्था पहिचान गर्न लागेका छौँ । कुनै पनि बालबालिका एकअर्कामा भिन्न हुन्छन् ।

सर्वगुण सम्पन्न र सक्षम नहुन पनि सक्छन्", प्रमुख कटुवालले भन्नुभयो, "त्यसैले उनीहरूको शारीरिक, बौद्धिक, भाषिक, संवेगात्मक र सामाजिक कारणले नियमित क्रियाकलापमा परिरहेको असर समयमै पहिचान गर्न सके उपचार गर्न र विशेष सीप सिकाउन सजिलो हुन्छ ।" नगरप्रमुख महेशप्रसाद चौधरीले शिक्षकलाई दिइएको यस प्रकृतिको तालिमले फरक क्षमता भएका बालबालिकाको अवस्था, रुचि र आवश्यकता पहिचान गरी सोहीअनुसार पठनपाठनमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

बालबालिकामा उमेर अनुसारको विकास, सक्षमता र अपाङ्गताको पहिचान गरी उपयुक्त वातावरण र अवसरका लागि क्रियाशील हुन नगरपालिकालगायत सरोकारवालालाई पनि यसले सहजता प्रदान गर्ने उहाँको भनाइ छ ।रासस

# आपराधिक गतिविधिमा साना हतियारको प्रयोग बढ्दो

जलेश्वर । महोत्तरीमा पछिल्लो समय आपराधिक गतिविधिमा साना हतियार (पेस्तोल) को प्रयोग बढी भएको पाइएको छ ।

विगत तीन आर्थिक वर्षमा महोत्तरीमा घटेका विभिन्न आपराधिक घटनामा ११ थान साना र पाँच थान मात्र ठूला हतियारको प्रयोग भएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कले देखाएको छ ।




जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारका अनुसार चालु आव २०८१/८२ को ६ महिनामा मात्र जिल्लामा भएका विभिन्न आपराधिक घटनामा सात साना हतियार बरामद गरिएका छन भने त्यसमा लाग्ने १९ राउण्ड गोली पनि बरामद गरिएको छ ।

यसैगरी, जिल्ला प्रहरी कार्यालयले ती साना हतियारसहित पाँच जनालाई पक्राउ गरी उनीहरुविरुद्ध हातहतियार तथा खरखजना मुद्दा चलाएको छ । जिल्ला प्रहरी कार्यालयले आव २०८०/८१ मा तीन थान साना हतियार र एक थान भरुवा बन्दुक बरामद गर्नुका साथै नौ राउण्ड गोली बरामद गरेको छ ।

आव २०८०/८१ मा प्रहरीले आठ जनालाई हतियारसहित पक्राउ गरेको थियो । चार जनामाथि हातहतियार तथा खरखजना मुद्दा चलाएको छ । त्यसरी नै जिल्ला प्रहरी कार्यालयले आव २०७९/८० मा पनि एक थान पेस्तोल र चार थान भरुवा बन्दुक बरामद गर्नुका साथै ३७ राउण्ड गोली बरामद गरेको थियो । पाँच जनालाई हातहतियारसहित पक्राउ गरिएकामा तीन जनामाथि हातहतियार तथा खरखजाना मुद्दा चलाएको प्रवक्ता जैसवारले बताउनुभयो ।

उहाँले साना हतियार बोक्न तथा लुकाउन सजिलो हुने भएकाले पछिल्ला दिनमा भइरहेको आपराधिक गतिविधिमा अपराधीले साना हतियारको प्रयोग बढी गर्ने गरेको पाइएको बताउनुभयो ।रासस

# महोत्तरीमा धान उत्पादन बढ्यो



जलेश्वर । महोत्तरीमा यसवर्ष धान उत्पादन बढेको छ । कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख मनिष पालका अनुसार गत वर्षको तुलनामा यस वर्ष जिल्लामा ३७ हजार एक सय मेट्रिक टन धान बढी उत्पादन भएको हो ।

यस वर्ष कुल ४२ हजार पाँच सय हेक्टरमा गरिएको धानखेतीमा एक लाख ५९ हजार आठ सय मेट्रिक टन धान उत्पादन भएको हो । जुन गतवर्षको तुलनामा ३० दशमलव दुई प्रतिशतले बढी हो । गतवर्ष ३९ हजार आठ सय ७० हेक्टरमा धानखेती गरिँदा एक लाख २२ हजार सात सय मेट्रिक टन धान उत्पादन भएको थियो ।

महोत्तरीमा यसवर्ष पर्याप्त वर्षा, उन्नत प्रजातिका बिऊ, समयमै मल खाद्य तथा कृषि प्राविधिकको साथ भएकाले धान उत्पादन बढेको प्रमुख पालले बताउनुभयो ।

उहाँले मसिनो र सुगन्धित धान (बासमति, कारी कुमोद, तुलसी फूल) लगायतको धान उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा भने ह्रास आएको बताउनुभयो । उहाँका अनुसार यसवर्ष जिल्लामा केवल तीन हजार दुई सय ५० हेक्टरमा मसिनो धानखेती गरिएकोमा १० हजार छ सय २५ मेट्रिक टन धान उत्पादन भएको हो ।

केन्द्रका अनुसार जिल्लामा यसवर्ष मोटा धानको उत्पादकत्व प्रतिहेक्टर तीन दशमलव ७६ मेट्रिक टन छ भने मसिनो धानको उत्पादकत्व मात्र दुई दशमल पाँच मेट्रिक टन छ ।रासस

# पुनःनगदेबालीको पहिचान बनाउँदै उखुखेती



बरहथवा । उखु बेचेको हप्ता दिनभित्रै भुक्तानी पाउँदा सर्लाहीको बागमती नगरपालिका-१, मिलनचोक निवासी रामहरी पाण्डेलाई सुरुमा त पत्याउनै मुस्किल भयो । विगतमा वर्षौंसम्म चिनी उद्योगहरुले भुक्तानी नगर्दा हैरानी खेप्दै आएका उहाँजस्ता किसानहरुले यसपटक समयमै भुक्तानी पाएका छन् ।

विगतमा राज्यले समयमा उखुको समर्थन मूल्य नतोक्ने र उद्योगीले वर्षौंसम्म पनि भुक्तानी नदिने समस्याबाट किसानहरू हैरान हुनु परिरहेको थियो । तर, यस वर्ष उखु क्रसिङ पहिला नै समर्थन मूल्य तय भएको र उद्योगीले पनि उखु बेचेको हप्ता दिनभित्रै भुक्तानी दिन थालेपछि किसानलाई उखुखेती फेरि नगदेबाली हो भन्ने लाग्न थालेको पाण्डेले बताउनुभयो ।

पाण्डेले यस वर्ष चार बिघामा उखु लगाउनु भएको छ । पहिलोपल्ट उहाँले गत मङ्सिर २७ गते उद्योगमा उखु बेच्नु भएको थियो । इन्दुशङ्कर चिनी उद्योगको मिलगेट क्षेत्रका उखु किसान पाण्डेले हप्ता दिनमै बैंकमा पैसा जम्मा भएको घण्टी बजेपछि खुसीले गद्गद् हुनुभयो । "अब बल्ल उखु नगदेबाली हो भन्ने लागेको छ", उहाँले भन्नुभयो, "किनकी यो वर्ष उखुको पैसा हाताहाती जस्तै आइरहेको छ ।"

सुरुमा उखुखेती गर्दा मूल्य र भुक्तानी के हुने हो भनेर चिन्ताले पाण्डेलाई नसताएको हैन । तर, यस वर्ष उखु बिक्री गरेर समयमै भुक्तानी पाएपछि ऊखुखेतीप्रति आकर्षण बढेको पाण्डेले सुनाउनुभयो । उखुको समर्थन मूल्यमा राज्यले किसानको लगानी र चिनीको मूल्यलाई आधार बनाएर तोक्ने र उद्योगले किसानको भुक्तानी व्यवस्थित गर्ने हो भने किसानहरू उत्साहित भएर उखुखेती गर्न तयार रहेको उहाँ बताउनुहुन्छ ।

हरिवन नगरपालिका-३, का गोपी तिमल्सिनाको पनि अनुभव उस्तै छ । विगतका वर्षमा झैँ अब किसानले गुलियो उखु लगाएर अमिलो अनुभव गर्न नपरोस् भन्ने उहाँ कामना गर्नुहुन्छ । हरिवनको इन्दुशङ्कर चिनी उद्योगमा उखु बेचेको पैसा हप्ता दिनमा आफ्नो खातामा आएको उहाँले बताउनुभयो । राज्यलेसमेत अनुदानवापतको रकम किसानको खातामा जम्मा गरिदिनुपर्ने उहाँको धारणा छ ।

विगतका वर्षमा जस्तो अनुदानको रकममा किसानलाई दुःख पाउनु हुँदैन", उहाँले भन्नुभयो, "समयमै भुक्तानी सुरु गर्नुपर्छ, अनि मात्र फेरि उखु नगदेबाली बन्छ। किसान पनि खेती गर्न उत्साहित हुन्छन् ।" यस वर्षबाट हप्ता दिनमै किसानको खातामा पैसा जम्मा गर्न थालेपछि किसानहरू उत्साहित बनेका हुन् ।

यस उद्योगले यस वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको उद्योगका महाप्रबन्धक योगनारायण रजकले जानकारी दिनुभयो । किसानहरूसँग एक महिनाभित्र भुक्तानीको सहमत भए पनि उद्योगले एक हप्ताभित्रै भुक्तानी गरिरहेको उहाँको भनाइ छ । महाप्रबन्धक रजकका अनुसार उद्योगले पुस २० गतेसम्म किसानबाट छ लाख १७ हजार दुई सय क्विन्टल उखु खरिद गरी क्रसिङ गरिएकामा यही पुस १७ गतेसम्मको उखुको रु २८ करोड भुक्तानी गरिसकेको छ ।

> पाण्डेले यस वर्ष चार बिघामा उखु लगाउनु भएको छ । पहिलोपल्ट उहाँले गत मङ्सिर २७ गते उद्योगमा उखु बेच्नु भएको थियो । इन्दुशङ्कर चिनी उद्योगको मिलगेट क्षेत्रका उखु किसान पाण्डेले हप्ता दिनमै बैंकमा पैसा जम्मा भएको घण्टी बजेपछि खुसीले गद्गद् हुनुभयो ।

गत मङ्सिर २७ गतेदेखि सञ्चालनमा आएको उद्योगले यो तेस्रो पटक किसानको खातामा रकम जम्मा गरेको हो । यस उद्योगले उखु उत्पादन बढाउनका लागि उन्नत जातको बीउ, मल, विषादीको प्रयोगको साथै तालिम, गोष्ठी तथा किसानहरूलाई प्राविधिक सेवासमेत अभियानकै रुपमा प्रदान गरिरहेको उद्योगका प्रशासकीय अधिकृत ठाकुर नेपालले बताउनुभयो । किसान खुसी पारेर उखु तान्न समेत उद्योगहरूले भुक्तानी छिटोछिटो गरिरहेका नेपाल उखु उत्पादक महासङ्घका केन्द्रीय अध्यक्ष कपिलमुनि मैनालीको भनाइ छ ।

जिल्लामा सञ्चालनमा रहेकामध्ये गोडैता नगरपालिकास्थित बगदहमा रहेको महालक्ष्मी चिनी उद्योगले र धन्कौलमा रहेको अन्नपूर्ण चिनी उद्योगले भने विगतका वर्षमासमयमै भुक्तानी नगरेको किसानहरूको भनाइ छ । रामनगर गाउँपालिका-४ का नितिन रायले अन्नपूर्ण चिनी उद्योगका पुराना सञ्चालकसँग आफ्नो फसल बेचेको पैसा लिन निकै सङ्घर्ष गर्नुपरेको सुनाउनुभयो । यस उद्योगका नयाँ व्यवस्थापनले भने यस वर्षबाट उखुको भुक्तानी व्यवस्थित गरेको दाबी गरिरहेका छन् । गत मङ्सिर ६ गतेदेखि क्रसिङ शुरु गरेको यस उद्योगले पुसको पहिलो हप्तासम्मको भुक्तानी किसानको खातामा पठाइसकेको जनाएको छ ।

विगतको वर्षमा उखु दिएको वर्षौंसम्म पैसा नपाएका किसानले यसवर्ष भने उखु बेचेको १५/१५ दिनमा पैसा खातामा जम्मा भएको भन्दै खुसी व्यक्त गरेका छन् । धन्कौल-५ निवासी वीरेन्द्र महतोले उखु बेचेको १४ दिनको दिन पैसा पाएको भन्दै यस वर्ष उखु नगदमै बेचेको प्रतिक्रिया दिनुभयो । "हामीले सधैँ उधारोमा उखु उद्योगलाई दिँदै आएका थियौँ", उहाँले भन्नुभयो, "हामीसँग अरु विकल्प पनि थिएन । तर यस वर्ष पैसा पनि आइरहेको छ ।" अब पहिलेको जस्तो उखु बेचेको पैसा माग्न पुस/माघको ठन्डीमा काठमाडौँ जान नपरोस् भन्ने उहाँको पनि कामना छ ।

पन्ध्र लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको यस उद्योगले पनि हालसम्म चार लाख ५० हजार क्विन्टल उखु क्रसिङ गरिसकेको जनाएको छ । राज्यले तय गरेको समर्थन मूल्य पाँच सय ८५ रुपैयाँ प्रतिक्विन्टलको दरले ११ करोड रकम भुक्तानी गरेको उद्योग सञ्चालक शैलेन्द्र गुप्ताले जानकारी दिनुभयो ।

जिल्लामा सबैभन्दा सुरुमा सञ्चालनमा आएको यस उद्योगलाई किसानहरूले विश्वास नगर्दा उखु नपाएर उद्योग पटकपटक बन्द हुँदै सञ्चालन हुँदै गरिरहेको छ । उद्योगको ढोकै नजिकबाट रौतहट र महोत्तरीका उद्योगले उखु लगेपछि अन्नपूर्णले स्थानीय जनप्रतिनिधि समेत गुहार्नुपरेको थियो ।

स्थानीय जनप्रतिनिधिले अन्य उद्योगको उखु सङ्कलन केन्द्र (काटा) राख्न नदिएपछि यस उद्योगले केही राहतको श्वास फेरेको छ । स्थानीय जनप्रतिनिधि र राजनैतिक दलका नेताहरूले उद्योगसँग मिलेर अन्नपूर्ण र महालक्ष्मी चिनी उद्योगमा उखु बेच्न किसानहरूलाई जबर जस्ती बाध्य पारेको किसानहरूको गुनासो छ । स्थानीयस्तरमा भएका उद्योगबाट किसानले लाभ लिन सक्ने र यस उद्योग जोगिए स्थानीय रोजगारीदेखि औद्योगिक विकासमा टेवा पुग्ने जनप्रतिनिधिहरूको भनाइ छ । उद्योगले किसानको भुक्तानीमा आनाकानी गरे आफूहरू किसानको पक्षमा रहेको बलरा नगरपालिकाका मेयर रामाशङ्करप्रसाद कुशवाहाले बताउनुभयो ।

गोडैतामा रहेको महालक्ष्मी चिनी उद्योग पनि किसानलाई नियमित भुक्तानी दिएर किसान फकाउन लागिपरेको छ । विगतमा किसानसँग बिग्रिएको सम्बन्ध समेत सुधार गर्ने योजनासहित यस वर्ष उखुको भुक्तानी प्रत्यक १५ दिनमा किसानहरूको खातामा पठाइरहेको उद्योगले जनाएको छ । यस उद्योगमा उखु बेचेका गोडैता नगरपालिका-५ का उखु किसान रामविनय महतोले उखुको भुक्तानी पाएको बताउनुभयो ।

हालसम्म दुई सय क्विन्टल उखु बेच्नु भएका उहाँको खातामा आजसम्म एक सय ५० क्विन्टल उखुको पैसा जम्मा भइसकेको छ भने बाँकी रकम पनि एक/दुई दिनमा जम्मामा उहाँ ढुक्क हुनुहुन्छ । "यसपटक विगत वर्षहरुमा जस्तो उखुको भुक्तानी माग्न पटकपटक उद्योगी र कर्मचारी खोज्दै उद्योग धाउन परेन", उहाँले भन्नुभयो । "पहिला उखु दियो पैसा माग्न धाउनुपर्थ्यो", उहाँले भन्नुभयो, "यसपटक १५ दिन पहिला नै उखुको पैसा खातामा आइसकेको छ ।"

विष्णु गाउँपालिका-७, का सिकिन्दर मण्डलले अघिल्लो वर्ष उखु उधारोमा मिललाई दिएर साहुसँग ऋण गरेर परिवारको पालनपोषण गरेको तीतो यथार्थ पोख्नुभयो । "उखु बेचेर पनि समयमै भुक्तानी नपाउँदा ऋणमा डुब्नुपर्ने अवस्था थियो", उहाँले भन्नुभयो, "त्यसैकारण मैले धेरै उखु हटाएर अन्य बाली पनि लगाएँ । तर, खोला र जङ्गल नजिकका खेतमा जङ्गली जनावर र वर्षाको भलले अन्य बाली पनि राम्रो भएन । अब उखु नै लगाउने निधो गरेँ ।"

मङ्सिर १२ गतेदेखि सञ्चालनमा आएको यस उद्योगले पनि यस वर्ष हालसम्म पाँच लाख दुई हजार क्विन्टल बढी उखु क्रसिङ गरेको उद्योगका प्रशासकीय अधिकृत शिवशङ्कर महतोले बताउनुभयो । उहाँका अनुसार यस उद्योगले यसवर्ष २० लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ । उद्योगले क्रसिङ गरेकोमध्ये २५ दिनको उखुको भुक्तानी गरिसकेको र १५ दिनको बाँकी रहेको उद्योगका प्रशासकीय अधिकृत महतोको भनाइ छ । किसानले ल्याउने उखुमा चिनीको मात्र कम हुँदा उद्योग सङ्कटमा परेको उहाँको भनाइ छ ।रासस

# किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाइने

काठमाण्डु । काठमाडौँ जिल्लामा करिब एक लाख १० हजार २६३ किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) लगाइने भएको छ ।

जनस्वास्थ्य कार्यालय काठमाडौँले आइतबार आयोजना गरेको जिल्ला खोप समन्वय समिति र सञ्चार क्षेत्रको अभिमुखीकरण कार्यक्रममा कार्यालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक सतिश विष्टले काठमाडौँका ११ स्थानीय तहका एक लाख १० हजार २६३ जना किशोरीलाई खोप लगाइने जानकारी दिनुभयो । उहाँका अनुसार कक्षा ६ देखि १० सम्मका ९७ हजार ५४० र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १२ हजार ७२३ किशोरीलाई खोप लगाइनेछ ।






काठमाडौँ महानगरपालिका क्षेत्रमा सबैभन्दा बढी ५१ हजार ३४७ किशोरी र सबैभन्दा कम नागार्जुन नगरपालिकामा चार हजार ६५२ किशोरीलाई एचपिभी खोप दिइने विष्टले बताउनुभयो । एक हजार १०१ विद्यालय र एक सय ४६ अन्य खोप केन्द्रमार्फत ती उमेरका किशोरीलाई खोप प्रदान गरिनेछ । खोपका लागि दुई हजार ४१२ स्वास्थ्यकर्मी खटिनेछन् । खोप अभियान माघ २२ देखि ६ सञ्चालन हुने महानगरले जनाएको छ ।

जनस्वास्थ्य कार्यालयका प्रमुख वसन्त अधिकारीले नगरपालिकामा प्रमुख र वडा कार्यालयमा वडाध्यक्षको संयोजकत्वमा खोप समिति गठन गरेर कोही किशोरी पनि खोपबाट वञ्चित हुन नपरोस् भनेर काम भइरहेको बताउनुभयो । उहाँले खोप लगाउन छुट्न सक्ने ठाउँको पहिचान गरेर विशेष अभियानसमेत सञ्चालन गरिने बताउनुभयो ।

सरकारले देशभरिका कक्षा ६ देखि १० सम्मका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरीलाई लक्षित गरी क्यान्सरविरुद्धको खोप अभियान सञ्चालन गर्दैछ ।

नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चारजना महिलाको मृत्यु हुने गरेको जनाइएको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमन पापिलोमा भाइरस सङ्क्रमण रहेकाले यसविरुद्ध खोप लगाउनुपर्ने हुन्छ । नेपालमा महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबभन्दा बढी देखिने र त्यसपछि स्तन क्यान्सर रहेको जानकारहरूले बताएका छन् ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### प्रक्रियाको द्वन्द्व

हामी यस्तो समयमा जीवनयापन गरिरहेका छौं , जहाँ नाटक मञ्चनका बेला रोदन गर्छौ , र वास्तविकतालाई नाटक भन्ने गर्छौ । यसको परिदृश्यमा जसले वास्तविक बोल्छ भने उसलाई हेला गर्ने मनोवृत्ति कारक हो तर राजनीतिमा यस्तो पक्षको औचित्य बारे नत चिन्तन गरिन्छ नत कुनै सभा ,छलफल गरिन्छ । नेतृत्व , प्रसिद्धि , धन,सुन्दरता जीवनको अस्थायी चरण हो , व्यवहारबाट निर्मित व्यक्तित्वको समृद्धि ग्रेनाइटमाथि बनाइएको मूर्तिझैं अक्षुण्ण एवं अमर रहन्छ । हामी समक्ष परिदृश्य पृथक छ राजनीतिमा शर्मको कुनै स्थान छैन । शंख र मुर्ख सधैं अरुले फूँके पछि मात्र बज्ने गरेको अवस्थामा राजनीतिमा मूर्खताबाट कुनै बाधा हुँदैन नेपोलिएन बोना पार्ट भनाइ मननयोग्य छ ।मधेश प्रदेश सरकारका नेतृत्वकर्ताहरु यही परिदृश्यबाट आक्रान्त छन् । प्रदेशको कहाली लाग्दो अवस्था , युवा पलायन , कृषि उत्पादनमा ह्रास , बेरोजगारी , विपन्नता , हत्या , भ्रष्टाचार , अनैतिक कार्य , अपराधिक मनोवृत्ति , जातीय विभेद , वैमनस्य , चोरी , धोका जस्ता अवस्था नेतृत्वकर्ताका लागि कुनै महत्व राखेको छैन । सभा , सभा , समारोहका लागि आमजनतालाई परिस्थितिको बोध गराउने शब्द मात्र रहेको छ । यही शब्दको आवरणमा अभिमतका लागि जनतासँग याचना गर्ने चलन मात्र छ । कुनै पनि योजना समृद्धिबोधक नबन्नु विडम्बनापूर्ण स्थिति मधेश प्रदेशमा यत्रतत्र छ । प्राकृतिक विपदाका समस्या होस, किसानका समस्या होस, प्राज्ञिक समस्या होस , चुरे क्षयीकरण , बाढीपहिरो , खडेरी वा विकास निर्माण कार्य होस , जनताको स्वास्थ्यसंग सम्बन्धित समस्या होस सबैमा शुभलाभलाई केन्द्रमा राखी पहलको बेथिति छ । शुभलाभकै परिदृश्यमा विकास योजना उपभोक्ता समिति गठन गरी गर्ने प्रक्रिया कुनै बेला प्रिय हुन पुग्छ त कुनै बेला अलोकप्रिय । मुख्यमन्त्रीदेखि मन्त्रीसम्मका आफन्तलाई उपभोक्ता समतिमा राखी कमसल , गुणस्तरहीन योजना सम्पन्नको प्रसंग ,कमिशनको विवाद चर्चा परिचर्चा हुँदा त्यसलाई साम्य पार्न टेण्डर प्रक्रिया उचित भएको ठान्ने , बजेट विनियोजन गर्दा १४७ नम्बरको बुँदामा साना तथा मझौला कार्यमा परिस्थतिलाई दृष्टिगत गरी प्रक्रिया अवलम्बन गर्ने उल्लेख छ भने ठूला योजना टेण्डर प्रक्रियाबाट गर्ने उल्लेख छ । तर वर्तमानमा त्यसलाई संशोधन गरी पुनः उपभोक्ता समिति मार्फतको प्रक्रियालाई अवलम्बन गर्ने सरकार अग्रसर` छ भन निर्माण व्यवसायी टेण्डर प्रक्रियाबाटै निर्माण कार्य गर्न मुख्यमन्त्रीलाई ध्यानाकर्षण गराइ , व्यवसायीको माग सम्बोधन नगरिएमा आन्दोलनको चेतावनी दिइ सकेका छन् । यसले द्वन्द्व सिर्जना हुने अवस्था छ । नेपोलियन बोनाबार्टको अभिव्यक्तिलाई पुनः उल्लेख गरी द्वन्द्वपूर्ण अवस्था सिर्जन हुन नदिइ समय सापेक्ष , धरातलीय यथार्थमूलक प्रक्रिया अवलम्बनको खाँचो छ ।

# लोकतन्त्र, सामाजिक सञ्जाल र अभिव्यक्ति स्वतन्त्रता



डा.केदार कार्की

इन्टरनेट अघि, टेलिभिजन च्यानलहरू र रेडियो फ्रिक्वेन्सीहरू जस्ता यसको सक्षम पूर्वाधारहरूमा पहुँच सीमित गर्ने बाधाहरूको कारण केही खेलाड़ी हरू सार्वजनिक बहसमा भाग लिन सक्षम थिए। डिजिटल प्लेटफर्महरूले प्रयोगकर्ता-उत्पन्न सामग्रीको लागि खुला अनलाइन समुदायहरू सिर्जना गरेर यो ढोका तोड्यो, सम्पादकीय नियन्त्रण बिना र कुनै शुल्क बिना प्रकाशित हुन थाल्यो । यसले सार्वजनिक छलफलमा सहभागिता र उपलब्ध जानकारीको मात्रामा तीव्र वृद्धि भएको छ। एकै समयमा, यसले गलत सूचना अभियानहरू, घृणित भाषण, मानहानि, झूट र षड्यन्त्र सिद्धान्तहरूमा वृद्धि भएको छ, जुन लोकतन्त्र विरोधी लक्ष्यहरू अगाडि बढाउन प्रयोग गरिन्छ। संलग्नता र नाफालाई अधिकतम बनाउँदै मापनमा बोलीलाई मध्यम बनाउने प्रयासहरूले अनलाइन सार्वजनिक छलफलमा कसले भाग लिन सक्छ र कसलाई सुन्न सकिन्छ भनेर निर्धारण गर्ने सामग्री मध्यस्थता एल्गोरिदमहरूको बढ्दो प्रमुख भूमिका निम्त्याएको छ। यी प्रणालीहरूले एक्काइसौं शताब्दीमा अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक क्षमता र सहभागिताको अभ्यासमा महत्त्वपूर्ण भूमिका खेल्छन्।

संवैधानिक लोकतन्त्र २० औं शताब्दीको प्रमुख विचारधाराको रूपमा देखा पर्‍यो, साम्यवाद, फासीवाद, नाजीवाद, सैन्य शासन र धार्मिक कट्टरवादको वैकल्पिक परियोजनाहरू माथि उठ्दै। प्रजातान्त्रिक संवैधानिकता २० औं शताब्दीको अन्त्यमा विलय भएका दुई प्रमुख विचारहरू वरिपरि केन्द्रित छः संवैधानिकता, इङ्गल्याण्ड, संयुक्त राज्य अमेरिका र फ्रान्समा उदारवादी क्रान्तिहरूको उत्तराधिकारी, सीमित शक्ति, कानूनको शासन, र मौलिकताको सम्मानका विचारहरू व्यक्त गर्दछ। अधिकार छ; र लोकतन्त्र, लोकप्रिय सार्वभौमसत्ता, स्वतन्त्र र निष्पक्ष निर्वाचन र बहुमतको शासन। धेरैजसो देशहरूमा, धन, शिक्षा, लिङ्ग वा जातिको आधारमा राजनीतिक सहभागितामा लगाइएको प्रतिबन्धको अन्त्यसँगै ग्यारेन्टी गरिएको विश्वव्यापी मताधिकारको ग्यारेन्टी मार्फत २० औं शताब्दीमा मात्र लोकतन्त्रलाई साँच्चै सुदृढ गरियो।

समकालीन लोकतन्त्र भोट, अधिकार र कारणले बनेको हुन्छ । तिनीहरू निर्वाचन प्रक्रियामा निष्पक्ष प्रक्रियात्मक नियमहरूमा सीमित छैनन्, तर सबै नागरिकहरूको आधारभूत मौलिक अधिकारहरूको सम्मान र राजनीतिक निर्णयहरूलाई सूचित गर्ने र वैधता दिने स्थायी सार्वजनिक बहसको माग गर्छन्। यी तीन पक्षहरूको संरक्षण सुनिश्चित गर्न, अधिकांश लोकतान्त्रिक शासनहरूले आफ्नो संवैधानिक ढाँचामा सर्वोच्च अदालत वा संवैधानिक अदालत समावेश गर्दछ, जसमा लोकतन्त्रमा लोकप्रिय सार्वभौमसत्ता र संवैधानिकताको आधारभूत अधिकारहरू बीचको अपरिहार्य तनावलाई मध्यस्थता गर्ने अधिकार हुन्छ । यी अदालतहरू, अन्ततः, बहुमतद्वारा शक्तिको दुरुपयोग विरुद्ध मौलिक अधिकार र लोकतान्त्रिक खेलका नियमहरूको रक्षा गर्न जिम्मेवार संस्थाहरू हुन्। हंगेरी, पोल्याण्ड, टर्की, भेनेजुएला, बंगलादेश र निकारागुआका हालैका अनुभवहरूले देखाउँछन् कि जब अदालतले यो भूमिका पूरा गर्न असफल हुन्छ, लोकतन्त्र पतन हुन्छ वा ठूलो धक्का पुग्छ।

हालैका वर्षहरूमा, धेरै घटनाहरूले विश्वका धेरै भागहरूमा लोकतान्त्रिक संवैधानिकताको व्यापकतालाई चुनौती दिएको छ, जसले गर्दा धेरैले लोकतान्त्रिक मन्दीको रूपमा हेर्छन्। सुदृढ लोकतन्त्रले पनि उथलपुथल र संस्थागत बदनामीको क्षणहरू सहेको छ, किनकि विश्वले लोकतन्त्रलाई गम्भीर खतरामा पार्ने अधिनायकवादी, बहुलवाद विरोधी र संस्थागत विरोधी जनवादी लहरको उदय देखेको छ।

लोकवाद दक्षिणपन्थी वा वामपन्थी हुन सक्छ, तर हालको लहर दक्षिणपन्थी चरमपन्थको व्यापकता द्वारा विशेषता हो, जुन प्रायः जातिवादी, जेनोफोबिक, मिसोगाइनिस्टिक र समलिंगी हुन्छ। विगतमा कम्युनिष्ट इन्टरनेशनलमार्फत वामपन्थी एकता भएको थियो भने आज दक्षिणपन्थीको ठूलो विश्वव्यापी सञ्जाल छ। दक्षिणपन्थी लोकवादको विशेषता भनेको समाजलाई “हामी“ (शुद्ध, सभ्य, रूढिवादी) र “उनीहरू“ (भ्रष्ट, उदारवादी, विश्वव्यापी अभिजात वर्ग) मा विभाजन गर्नु हो। अधिनायकवादी लोकतान्त्रिक लोकतन्त्रले सबैका लागि अवसर र समृद्धिको लागि गरेको अपूर्ण वाचाबाट उत्पन्न हुन्छ। यस लोकतान्त्रिक निराशाका पछाडि तीनवटा पक्षहरू छन्ः राजनीतिक (मानिसहरूले विद्यमान निर्वाचन प्रणाली, राजनीतिक नेताहरू र लोकतान्त्रिक संस्थाहरूद्वारा प्रतिनिधित्व गरेको महसुस गर्दैनन्); सामाजिक (स्थिरता, बेरोजगारी वृद्धि र असमानता); र सांस्कृतिक पहिचान (मानव अधिकारको प्रगतिशील पहिचान एजेन्डाको रूढ़िवादी प्रतिक्रिया, जुन हालैका दशकहरूमा महिला, धार्मिक अल्पसंख्यक, एलजीबीटीक्यू+ समुदाय, आदिवासी जनस्र्‌या र वातावरणको मौलिक अधिकारको संरक्षणको साथ प्रचलित भएको छ) ।

चरमपन्थी अधिनायकवादी लोकतान्त्रिक शासनहरूले लोकतान्त्रिक मन्दीलाई बढावा दिने राजनैतिक, सामाजिक र सांस्कृतिक पहिचानमा आधारित निराशाको फाइदा उठाउन प्रायः समान रणनीतिहरू प्रयोग गर्छन्। यी कार्यनीतिहरूमा जनता र सरकार, जस्तै व्यवस्थापिका, प्रेस र नागरिक समाजबीचको अन्तरक्रियामा मध्यस्थता गर्ने मध्यस्थ संस्थाहरूलाई बाइपास गर्ने वा सह-अप्ट गर्ने समावेश छ। यसमा सर्वोच्च अदालत र संवैधानिक अदालतहरूमाथि आक्रमण र मातहतका न्यायाधीशहरू नियुक्त गरेर कब्जा गर्ने प्रयास पनि समावेश छन्।

सामाजिक सञ्जालको उदयले यी रणनीतिहरूलाई पपुलिस्टहरू र उनीहरूका समर्थकहरू बीच प्रत्यक्ष सञ्चारको स्वतन्त्र र तात्कालिक च्यानल सिर्जना गरेर सम्भव बनाउँछ। यसले लोकतान्त्रिक विरोधी लक्ष्यहरू पछ्याउन राजनीतिक औजारको रूपमा अव्यवस्थित वार्तालाप, विकृत सूचना अभियानहरू, घृणायुक्त भाषण, मानहानि, झूट र षड्यन्त्र सिद्धान्तहरूको प्रयोगलाई सहज बनाउँछ।

यी च्यानलहरूको तत्काल प्रकृति आवेगपूर्ण प्रतिक्रियाहरूको लागि परिपक्व छ, मौखिक आक्रमणहरू र समर्थकहरूद्वारा ध्रुवीकरणको सुविधा प्रदान गर्दछ, जसले लोकप्रिय प्रवचनमा फिर्ता फिड गर्दछ। यी रणनीतिहरूले लोकतन्त्र र स्वतन्त्र र निष्पक्ष निर्वाचनलाई खतरामा पार्छन् किनभने तिनीहरूले मतदाताहरूलाई धोका दिन्छन् र विपक्षीहरूलाई चुप लगाउँछन्, सार्वजनिक बहसलाई विकृत गर्छन्। अन्ततः, सञ्चारको यो विधिले अभिव्यक्ति स्वतन्त्रताको विशेष संरक्षणलाई औचित्य दिने मानहरूलाई कमजोर बनाउँछ। यी प्रयासहरूको परिणामस्वरूप “सत्यको क्षय“ र “तथ्यहरूको ध्रुवीकरण“ ले संस्थाहरूलाई बदनाम गर्छ र फलस्वरूप लोकतन्त्रमा अविश्वास बढाउँछ।

तेस्रो औद्योगिक क्रान्ति, जसलाई प्राविधिक वा डिजिटल क्रान्ति पनि भनिन्छ, आज हाम्रो संसारलाई आकार दिएको छ। यसका केही मुख्य विशेषताहरू व्यक्तिगत कम्प्युटरको प्रचलन, स्मार्टफोनको विश्वव्यापीकरण र सबैभन्दा महत्त्वपूर्ण इन्टरनेट हो। डिजिटल क्रान्ति र इन्टरनेटको मुख्य उप-उत्पादनहरू मध्ये एक फेसबुक, इन्स्टाग्राम, यूट्यूब, टिकटक जस्ता सामाजिक सञ्जाल प्लेटफर्महरू र व्हाट्सएप र टेलिग्राम जस्ता सन्देश अनुप्रयोगहरूको उदय थियो। हामी अनुप्रयोगहरू, एल्गोरिदमहरू, कृत्रिम बुद्धिमत्ता, र धेरै द्रुत-गति आविष्कारहरूको संसारमा बाँचिरहेका छौं जहाँ लामो समयदेखि कुनै नयाँ कुरा देखिएको छैन। यो अर्को कथाको पृष्ठभूमि बनोस्।

इन्टरनेटले विश्वमा अन्तरव्यक्तिगत र सामाजिक सञ्चारमा क्रान्तिकारी परिवर्तन गरेको छ, सूचना र ज्ञानको पहुँचलाई द्रुत रूपमा विस्तार गर्दै र सार्वजनिक क्षेत्र सिर्जना गरेको छ जहाँ जो कोहीले पनि विचार, राय र तथ्यहरू फैलाउन सक्छन्। इन्टरनेट भन्दा पहिले, सार्वजनिक बहसमा व्यक्तिगत सहभागिता पेशेवर प्रेसमा निर्भर थियो, जसले तथ्यहरू जाँच गर्‍यो, पत्रकारिताको नैतिक मापदण्डहरूमा राखिएको थियो, र गलत जानकारी जानीजानी वा लापरवाहीपूर्वक प्रकाशित भएमा क्षतिको लागि उत्तरदायी थियो। यस माध्यममा प्रकाशित सामग्रीको गुणस्तर र प्रामाणिकताको लागि सम्पादकीय नियन्त्रण र नागरिक जिम्मेवारी आधारभूत लाइनहरू थिए। यसको मतलब यो होइन कि यो एक आदर्श संसार हो। मिडिया आउटलेटहरूको संख्या सीमित थियो, र आज पनि सीमित छ, मात्रा र दायरामा; पत्रकारिता कम्पनीहरूको आफ्नै चासो छ, त्यसैले तिनीहरू सबै आवश्यक हेरचाह नगरी तथ्य र राय अलग गर्न सक्दैनन्। तैपनि, सार्वजनिक भएको कुरामा केही हदसम्म नियन्त्रण थियो, र खुलेआम घृणित वा झूटा भाषण प्रकाशनसँग सम्बन्धित लागतहरू थिए।

इन्टरनेट वेबसाइटहरू, व्यक्तिगत ब्लगहरू, र सोशल मिडियाको उदयको साथ यथास्थितिमा क्रान्ति गर्नुहोस्। यसले अनलाइन समुदायहरू सिर्जना गर्दछ, प्रयोगकर्ता-उत्पन्न पाठ, छविहरू, भिडियोहरू, र लिङ्कहरूको लागि खुला, सम्पादकीय नियन्त्रण बिना र शुल्क बिना प्रकाशित। यसले सार्वजनिक छलफलमा सहभागिता बढाएको छ, विभिन्न स्रोतहरूबाट उपलब्ध जानकारीको मात्रा बढेको छ, र द्रुत रूपमा। यसले अल्पसंख्यकहरू, नागरिक समाज, राजनीतिज्ञहरू, सार्वजनिक एजेन्टहरू र डिजिटल प्रभावकारीहरूलाई आवाज दियो, र यसले समानता र लोकतन्त्रको मार्गलाई विश्वव्यापी आयाम प्राप्त गर्न अनुमति दियो। यसले राजनीतिक गतिशीलता, अधिनायकवादको प्रतिरोध, र रचनात्मकता, वैज्ञानिक ज्ञान, र व्यापार आदानप्रदानको उत्प्रेरणामा शक्तिशाली योगदानको प्रतिनिधित्व गर्‍यो। बढ्दो रूपमा, सबैभन्दा सान्दर्भिक राजनीतिक, सामाजिक र सांस्कृतिक संचार इन्टरनेटमा अनौपचारिक च्यानलहरू मार्फत हुन्छ।

यससँगै सामाजिक सञ्जालको बढ्दो प्रयोगले गाली र आपराधिक भाषाको फैलावट पनि बढेको छ । यद्यपि यी प्लेटफर्महरूले गलत सूचना, घृणायुक्त भाषण, वा लोकतन्त्रमा आक्रमण गर्ने भाषणहरू उत्पन्न गरेनन्, तिनीहरूको कुनै पनि सम्पादकीय नियन्त्रण वा जवाफदेहिता बिना स्वतन्त्र रूपमा प्रकाशन गर्ने क्षमताले यस प्रकारको भाषणको व्यापकता बढायो र यसलाई लोकप्रिय नेताहरूको लागि राजनीतिक उपकरणको रूपमा प्रयोग गर्न सजिलो बनायो। यसबाहेक, र अधिक मौलिक रूपमा, प्लेटफर्म व्यापार मोडेलले अनलाइन सामग्री डेलिभर गर्न प्रयोग गरिने माध्यम र एल्गोरिदमहरू मार्फत समस्यालाई जटिल बनाउँछ।

यस नयाँ सूचनात्मक वातावरणको सबैभन्दा महत्त्वपूर्ण प्रभाव सामाजिक सञ्चार र समाचार प्रसारको मात्रामा द्रुत वृद्धि हो। विश्वव्यापी रूपमा, केही अखबारहरू, छापा प्रकाशनहरू र रेडियो स्टेशनहरूले मात्र एक मिलियन सदस्यहरू र श्रोताहरूको थ्रेसहोल्ड पार गर्छन्। यसले सुझाव दिन्छ कि यी अधिकांश प्रकाशनहरूमा धेरै थोरै दर्शकहरू छन्, सायद हजारौं वा दशौं हजारहरूमा। दर्जनौं वा सयौं च्यानलहरूमा फैलिए तापनि टेलिभिजन लाखौं दर्शकहरूमा पुग्छ। अर्कोतर्फ फेसबुकका करिब ३ अर्ब सक्रिय प्रयोगकर्ता छन् । यूट्यूब मा २.५ बिलियन खाताहरू छन्। व्हाट्सएपमा २ अर्बभन्दा बढी खाताहरू छन्। यी संख्याहरू चकित पार्ने खालका छन ।

यद्यपि, र भविष्यवाणी गरिएझैं, जसरी डिजिटल क्रान्तिले ज्ञान, सूचना र सार्वजनिक स्थानमा पहुँचलाई प्रजातान्त्रिक बनायो, यसले लोकतन्त्रका लागि नकारात्मक नतिजाहरू पनि ल्यायो जसलाई सम्बोधन गर्नुपर्छ। एकातिर अभिव्यक्ति स्वतन्त्रताको अपरिहार्य संरक्षण र अर्कोतिर सामाजिक सञ्जालमा अवैध सामग्रीको दमनबीचको उचित सन्तुलन कायम गर्नु हाम्रो पुस्ताको सबैभन्दा जटिल समस्या हो।

अभिव्यक्ति स्वतन्त्रता एक मौलिक अधिकार हो जुन लगभग सबै समकालीन संविधानहरूमा समावेश गरिएको छ र धेरै देशहरूमा प्राथमिकताको स्वतन्त्रता मानिन्छ। यसका भूमिकाहरू सहित अभिव्यक्ति स्वतन्त्रतालाई विशेष सुरक्षा प्रदान गर्नका लागि धेरै कारणहरू उद्धृत गरिएको छः (क) खुला र बहुल समाजमा सम्भावित सत्यको खोजीमा, संस्थागत प्रेसको महत्त्वबारे छलफल गर्दा; (ख) लोकतन्त्रको लागि एक आवश्यक तत्वको रूपमा टछ किनकि यसले विचार, सूचना र विचारहरूको स्वतन्त्र संचारलाई अनुमति दिन्छ जसले जनमत र मतदानलाई सूचित गर्दछ; र (ग) व्यक्तिको व्यक्तित्वको अभिव्यक्तिलाई अनुमति दिँदै मानव मर्यादाको अनिवार्य तत्वको रूपमा।

डिजिटल प्लेटफर्महरूको नियमनले यी मानहरूलाई कमजोर पार्न सक्दैन, तर यसको सट्टा तिनीहरूको सुरक्षा र सुदृढीकरणमा ध्यान केन्द्रित गर्नुपर्छ। यद्यपि, डिजिटल युगमा, ऐतिहासिक रूपमा अभिव्यक्तिको स्वतन्त्रताको बलियो संरक्षणलाई जायज ठहराउने उही मूल्यहरूले अब यसको नियमनलाई औचित्य दिन सक्छ। नियामक ढाँचाले प्लेटफर्महरू र प्रयोगकर्ताहरू बीचको सूचना असमानता कम गर्ने, अनावश्यक निजी वा राज्य हस्तक्षेपबाट अभिव्यक्ति स्वतन्त्रताको मौलिक अधिकारको रक्षा गर्ने र लोकतन्त्रको रक्षा र सुदृढीकरण गर्ने लक्ष्य राख्नुपर्छ।

माथि वर्णन गरिएको सामग्री मध्यस्थता एल्गोरिदमहरूको हालको प्राविधिक सीमाहरू र कुन सामग्रीलाई अवैध वा हानिकारक मानिने भन्ने बारे सामान्य असहमतिले सुझाव दिन्छ कि एक आदर्श नियामक मोडेलले प्रयोगकर्ताहरू र प्लेटफर्महरूका मौलिक अधिकारहरू बीचको सन्तुलनलाई अनुकूलन गर्नुपर्दछ, यो मान्यता दिँदै कि त्यहाँ सधैं सहमति हुने केसहरू हुनेछन्। हासिल गर्न सकिँदैन। नियमनको फोकस सामग्री मध्यस्थताको लागि पर्याप्त प्रक्रियाहरूको विकासमा हुनुपर्छ, त्रुटिहरू कम गर्न र निर्णयहरूलाई वैधानिक बनाउन सक्षम हुनुपर्दछ, कोही आधारभूत परिणामसँग असहमत भए पनि।

वर्ल्ड वाइड वेबले अरबौं मानिसहरूलाई ज्ञान, सूचना र सार्वजनिक स्थानमा पहुँच प्रदान गरेको छ जसले इतिहासको पाठ्यक्रम परिवर्तन गरेको छ। तर, इन्टरनेट र सामाजिक सञ्जालको दुरुपयोगले लोकतन्त्र र मौलिक अधिकारमा गम्भीर खतरा निम्त्याउँछ। अप्रमाणिक व्यवहार र गैरकानूनी सामग्री विरुद्ध लड्न केही डिग्री नियमन आवश्यक भएको छ। तर, बहुलवाद, विविधता र अभिव्यक्ति स्वतन्त्रतालाई जोगाउन पारदर्शिता, समानुपातिकता र पर्याप्त कार्यविधिसहित काम गर्न आवश्यक छ । नियामक कार्यको महत्त्वको अतिरिक्त, नागरिकहरूको पनि एक स्वस्थ सार्वजनिक क्षेत्रको रूपमा इन्टरनेटको संरक्षण गर्ने जिम्मेवारी छ। मिडिया शिक्षा र प्रयोगकर्ता जागरूकता इन्टरनेटमा एक मुक्त तर सकारात्मक र रचनात्मक वातावरण निर्माण गर्न आधार भूत कदमहरू हुन्। सामाजिक सञ्जालले अनुचित, विकृत र मौलिक हक र लोकतन्त्रका आधारभूत नियमहरूको उल्लङ्घन गर्न सक्छ भन्ने कुरामा नागरिक सचेत हुनुपर्छ। तिनीहरूले विचार नगरी प्राप्त सबै जानकारीहरू पास नगर्न सावधान हुनुपर्छ। राज्यहरू, नियामकहरू र टेक्नोलोजी कम्पनीहरूसँगै नागरिकहरू यी खतराहरू विरुद्ध लड्न महत्त्वपूर्ण शक्ति हुन्। जोनाथन हाइड्टका शब्दहरूमा, “जब हाम्रो सार्वजनिक वर्गमा उचित प्रक्रियाबाट अव्यवस्थित भीडद्वारा शासन गरिन्छ, हामीले न्याय र समावेशीकरण पाउँदैनौं; हामीले सन्दर्भ, समानुपातिकता, करुणा र सत्यलाई बेवास्ता गर्ने समाज पाउँछौं।

> इन्टरनेट र सामाजिक सञ्जालको दुरुपयोगले लोकतन्त्र र मौलिक अधिकारमा गम्भीर खतरा निम्त्याउँछ। अप्रमाणिक व्यवहार र गैरकानूनी सामग्री विरुद्ध लड्न केही डिग्री नियमन आवश्यक भएको छ। तर, बहुलवाद, विविधता र अभिव्यक्ति स्वतन्त्रतालाई जोगाउन पारदर्शिता, समानुपातिकता र पर्याप्त कार्यविधिसहित काम गर्न आवश्यक छ ।

# मधेश प्रदेशको कामकाजी भाषा र मैथिली



प्रेम विदेह

नेपालको संविधान , २०७२ मा धारा ६ मा २०४७ सालको संविधानमा भएजस्तै नेपालका सबै मातृभाषालाई राष्ट्रभाषा घोषित गरिएको छ । तर भाषासम्वन्धी अनुसूचीको अभावमा मातृभाषाहरुको संवैधानिक पहिचान स्थापित हुन सकेको छैन । संविधानको धारा ७ (१) मा नेपाली भाषालाई नेपालको सरकारी कामकाजको भाषा सुनिश्चित गरी समस्त मातृभाषालाई केन्द्रीय शासनको कामकाजी भाषा हुनबाट वञ्चित गरिएको छ ।

जहाँसम्म प्रदेशको कामकाजी भाषाको प्रश्न छ , संविधानको धारा ७ (२) मा ‘ प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ ’ उल्लेख भएबमोजिम बागमती प्रदेशले मात्र आफ्नो प्रदेशको कामकाजी भाषा (नेपाल भाषा र तमाङ्ग भाषा ) घोषणा गर्न सकेको छ । कोशी प्रदेश लिम्बु र मैथिली भाषालाई प्रदेशको कामकाजी भाषा बनाउने प्रकृयामा लागेको छ ।

अव प्रश्न उठछ , मधेश प्रदेशको कामकाजी भाषाको अवस्था के छ ?प्रदेश स्थापनाको ७ वर्ष र ३ पटक सरकारको गठन भइसक्दा पनि प्रदेशको कामकाजी भाषाको निर्धारण किन भएको छैन ? प्रदेशभित्र सबैभन्दा बढी बोलिने मैथिली भाषा प्रदेशको कामकाजी भाषा किन घोषित हुन सकेको छैन ? यसको सोझो जवाफ छ , मैथिली मधेशको चक्रव्यूहमा फँसेको छ ।

नेपालको संविधानको धारा २८७ को उपधारा (६) खण्ड (क) अनुसारको कर्तव्यबमोजिम भाषा आयोगले २०७८।०५।२१ गते लेखेको पत्रसहित सरकारी कामकाजको भाषाका आधारहरुको निर्धारण तथा सिफारिससम्वन्धी प्रतिवेदन , २०७८ प्रधानमन्त्रीसमक्ष पेश गरिसकेको छ । पछि २०७९।०२।२३ गते लेखेको उक्त प्रतिवेदनसहितको पत्र आयोगले संस्कृति , पर्यटन तथा नागरिक उड्डयन मनत्रालय , सिंहदरवारलाई पठाएको छ ।

संस्कृति मन्त्रालयले सातै प्रदेशको सम्वन्धित मन्त्रालयलाई २०७९।०२।२७ गते लेखेको पत्रसहितको सोही प्रतिवेदन पठाएको देखिन्छ । प्रतिदेदनको ११.९.२ बुँदामा प्रदेश नं. २ को सरकारी कामकाजको भाषाको रुपमा मैथिली , भोजपुरी र बज्जिकालाई सिफारिस गरिएको छ । भाषिक सघनता र विस्तारको दृष्टिले प्रदेशको सरकारी कामकाजको भाषाको रुपमा मैथिली पूर्णरुपेण सक्षम रहेको कुरा पनि उल्लेख छ । नेपाल सरकारको पत्र र भाषा आयोगको प्रतिवेदन मधेश सरकारलाई प्राप्त भएको अढ़ाइ वर्ष बितिसकेको छ । तैपनि कानमा तेल हालेर सुतेको छ सरकार । बस्तुत : यसले सुत्ने स्वाङ पारेको छ ।

नेपालको संविधानमा नामाङ्कनविना विशुद्ध मिथिला क्षेत्रको सीमाङ्कन भयो । प्रदेश निर्माणपछि मधेश केन्द्रित दलको हातमा सत्ता आयो । नेपाली काँग्रेसका सदस्यहरुको अवरोध हुँदाहुँदै गणितीय खेलको आधारमा प्रदेश सभाद्धारा मिथिलाको भूगोललाई मधेश नामकरण गरियो । यसकारण मधेशको मुख्य भाषा मैथिली (मिथिलाको भाषा) उपेक्षाको शिकार बनेको छ । मधेशवादीहरुले बिर्सिसकेका छन् अथवा अटेर गरेका छन् । तीनवटै मधेश आन्दोलनका तीनवटा मात्र मूल नारा थिए – समानता , स्वाभिमान र पहिचान । पहिचानको सबभन्दा ठूलो आधार भाषा हुन्छ । मधेश प्रदेशका सबै मातृभाषा प्रदेशका पहिचान हुन् । भाषिक इतिहास , समृद्ध साहित्य र लिपिको हिसावले मैथिली भाषा प्रदेशको धरोहर हो । राष्ट्रिय जनगणना, २०७८ लाई हेर्दा मधेश प्रदेशमा मैथिलीभाषी २५ लाख ५१ हजार ९१७ अर्थात् ४१.७३% यानी सर्वाधिक छन् ।

**मधेश प्रदेशको भाषिक तथ्याङ्क**

| मातृभाषा | मैथिली | भोजपुरी | बज्जिका | नेपाली | थारू | उर्दू | मगही | तमाङ्ग | हिन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| जनसंख्या | २५५१९१७ | ११४९९६२ | ११२७२५५ | ३५२१०९ | २५४६८५ | २४९६१४ | २१५२३६ | १००६६९ | १४२३२ |
| प्रतिशत | ४१.७३ | १८.८१ | १८.४४ | ५.७६ | ४.१७ | ४.०८ | ३.५२ | १.६५ | ०.२३ |

मैथिली भाषाको निम्ति सबै सकारात्मक आधार रहेपनि मधेश सरकार अहिलेसम्म आफ्नो कामकाज नेपालीमा नै निर्वाह गरिरहेको छ । प्रदेशको पहिचानको भाषामा कामकाज गरिरहेको छैन । पहिलो कारण छ – इच्छाशक्तिको अभाव ।दोस्रो छ – भाषिक भ्रम । राजनीतिक र जातिवादी षड्यन्त्रबाट जन्मेको कृत्रिम ‘ मगही’ भाषा तथा जनगणनामा अभिलेखसमेत नभएको कपोलकल्पित ‘मधेशी’ भाषालाई जबर्जस्ती कामकाजी भाषा बनाउने भ्रम पालेको छ । तेस्रो , ब्राह्मण र कायस्थले बोल्ने मैथिली र अन्य जातले बोल्ने मैथिली (ठेठी) को विवादले पनि अल्झाएको छ । सबैभन्दा बलियो कारण छ – मधेश सरकारको हिन्दी मोह जसको मातृभाषी मात्र ०.२३% रहेको छ । दोस्रो भाषाको रुपमा बोलिने हिन्दी भाषालाई प्रदेश सरकारले ‘ सम्पर्क भाषा ’ घोषणा गर्ने दुष्प्रयास गर्दै आएको छ । २०७६।०७७ सालको प्रदेशको नीति तथा कार्यक्रममा हिन्दीलाई सम्पर्क भाषा बनाउने कुरा उल्लेख गरिएको थियो । यसको कडा विरोध नेपाली कांग्रेस , नेपाल कम्यूनिष्ट पार्टी तथा सरोकारबालाहरुले गरेका थिए । नेपालको संविधानमा सम्पर्क भाषाको कुनै प्रावधान छैन र यस प्रदेशमा सम्पर्क भाषाको निम्ति कुनै औपचारिक निर्णय गर्ने खाँचो पनि छैन ।


प्रदेशको भाषिक पहिचान , मातृभाषी र मैथिलीभाषीको पहिचान स्थापित गर्नका लागि पटक-पटक सरोकारवाला संघ-संस्थाले आफनो अवाज बुलन्द गर्दै आएका छन् । २०७५।०३।१७ गते मुख्यमन्त्रीसमक्ष सामूहिक ज्ञापनपत्र , २०७६।०४।१६ गते मैथिली साहित्यकार सभाद्वारा मुख्यमन्त्रीलाई ज्ञापनपत्र , २०७६।०६।१३ गते भाषा आयोगलाई सामूहिक ज्ञापनपत्र , २०७६।०७।१६ गते मधेशी आयोगलाई संयुक्त ज्ञापनपत्र , २०७७।०२।१८ गते मैथिली साहित्यकार सभाद्वारा मुख्यमन्त्रीलाई सुझावपत्र ,२०७८।०४।२९ गते मुख्यमन्त्रीलाई सामूहिक ध्यानाकर्षण-पत्र ,२०८०।०२।२६ गते मधेश प्रज्ञा प्रतिष्ठानलाई संयुक्त मागपत्र र २०८०।०३।२५ गते मुख्यमन्त्रीलाई सामूहिक स्मरणपत्र बुझाएका छन् । सबै पत्रमा मैथिली भाषालाई कामकाजी भाषा बनाउनुपर्ने मुख्य माग रहेको छ । ज्ञापनपत्र बुझाउने कार्यकोसंयोजन गर्ने संस्था जनकपुरधाम स्थित मैथिली साहित्यकार सभा देखिएको छ भने साथ दिने संस्थाहरुमध्ये जनकपुरधामका मिथिला नाट्यकला परिषद् , रामानन्द युवा क्लब , मैथिली विकास कोष , गणेश युवा कमिटी , श्रीराम युवा कमिटी , महावीर युवा कमिटी , रंगवाटिका नेपाल , रंगदर्पण , राजेन्द्र विमल साहित्य एकेडमी , जनचेतना अभियान नेपाल , मिथिला राज्य संघर्ष समिति रहेका छन् । त्यस्तै सहभागी संस्थाहरुमा मिथिला संस्कृति विकास केन्द्र - जलेश्वर , नेपाल प्रज्ञा प्रतिष्ठान -सर्लाही , मैथिली सहित्य परिषद् - वीरगञ्ज , सङोर मिथिला -लहान , मैथिली साहित्य परिषद् -राजविराज , मिथिला साहित्य-कला प्रतिष्ठान -सप्तरी , मिथिला टाइम्स र मैथिली सेवा समिति-बिराटनगर रहेका छन् । यसबाहेक मैथिली विकास कोषद्धारा आयोजित जनकपुर साहित्य उत्सवसहित अनेकौं गोष्ठी र कार्यक्रममा मैथिली भाषालाई प्रदेशको कामकाजी भाषाबनाउनुपर्ने अवाज उठ्दै आएको छ । तर प्रदेश सरकारलाई कुनै असर परेको छैन ।

अब मैथिलीभाषीसँग दुइटा विकल्प मात्र बाँकी छन् – अदालत र विद्रोह । अदालतले दिने सकारात्मक निर्णयलाई पनि मधेश सरकारले मान्ने ग्यारेन्टी छैन । तसर्थ , सबल विकल्प छ –भाषिक विद्रोह । प्रदेशभित्रको भाषिक विद्रोहले मातृभाषा र मैथिली भाषाविरोधी शक्तिलाई सखाप गर्न सक्छ । त्यसकारण , ढिलो भइसक्दा पनि चेत्ने अवसर बाँकी छ । भाषा आयोगको सिफारिसअनुसार मधेश सरकारले कामकाजी भाषाको कानून बनाई पहिलो चरणमा प्रदेशको पहिलो भाषा मैथिली कार्यान्वयन गर्नुपर्दछ । मैथिली भाषाको प्रयोगबाट मैथिली जस्तै बोलिने र लेखिने ( मैथिलीका बोलीहरु ) बज्जिका , पूर्वीय थारू र कथित मगहीसमेतको अप्रत्यक्ष कार्यान्वयन हुनेछ । अर्थात् ६७.८६% जनताको कामकाजी भाषाको माग सम्बोधन हुनेछ । दोश्रो चरणमा भोजपुरी र तेस्रो चरणमा अन्य भाषालाई कामकाजी भाषा बनाएर मधेश सरकार यश लुट्न सक्छ । प्रदेशको भाषिक पहिचानलाई स्थापित गराउन सकिन्छ ।

**सन्दर्भ स्रोत :**

१. नेपालको संबिधान , २०७२
२. भाषा आयोगद्वारा तयार पारिएको ’सरकारी कामकाजको भाषासम्वन्धी सिफारिसहरु , २०७८’
३. २०७९।०२।२३ गते लेखिएको केन्द्रीय संस्कृति मन्त्रालयलाई पठाइएको भाषा आयोगको पत्र
४. २०७९।०२।२७ गते लेखिएको सातै प्रदेशलाई पठाइएको केन्द्रीय संस्कृति मन्त्रालयको पत्र
५. २०७६।०७७ सालको प्रदेश सरकारको नीति तथा कार्यक्रम
६. राष्ट्रिय जनगणना , २०७८ को प्रतिवेदन
७. संघ-संस्थाद्वारा बुझाइएका विभिन्न ज्ञापनपत्र

# प्राकृतिक स्रोतसाधनको समुचित उपयोगबाट आर्थिक विकास सम्भवः देउवा



म्याग्दी । पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्राकृतिक स्रोतसाधनको समुचित प्रयोगबाटै मुलुकको आर्थिक विकास सम्भव हुने बताउनुभएको छ।

बेनीमा आइतबारदेखि सुरु आठौँ म्याग्दी महोत्सव एवं प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक, व्यापार मेला-२०८१ को उद्धाटन गर्नुहुँदै देउवाले जल, जमिन र जङ्गलको सदुपयोगबाट रोजगारी सृजना र आयआर्जजनका अवसर सिर्जना गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

"प्राकृतिक स्रोतसाधनको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी बनाउने नीति निर्माणका लागि राजनीतिक रुपमा प्रयास भएको छ", उहाँले भन्नुभयो, "लगानीमैत्री वातावरण बनाएर उद्योग व्यवसायलाई घरासायी हुनबाट बचाउन नीतिगत सुधारको काम थालेका छौँ ।" उद्योग, व्यवसायीको पीरमर्का सम्बोधन गर्न र हकहितका लागि नेपाली कांग्रेस सधैँ साथमा रहने उहाँले प्रतिबद्धता जनाउनुभयो।

फरक प्रसङ्गमा देउवाले म्याग्दी हुँदै ढोरपाटन जोड्ने सडकलाई मध्यपहाडी लोकमार्गको वैकल्पिक सडक आयोजनाका रुपमा विकास गर्न बजेट व्यवस्थापन गर्न सम्बद्ध मन्त्रालयमा पहल गर्ने प्रतिबद्धता जनाउनुभयो।

बेनीको खुलामञ्च खेलमैदानलाई स्तरोन्नति गर्ने, बेनी अस्पतालको ५० शय्या क्षमताको भवन निर्माणलाई पूर्णता दिने, मालढुङ्गा-बेनीलगायत सडक आयोजनालाई गतिदिने, बेनीबजार संरक्षणका कामलाई बजेट व्यवस्था गर्न पहल गर्ने देउवाले प्रतिबद्धता जनाउनुभयो।

म्याग्दी उद्योग वाणिज्य सङ्घको मूल आयोजनामा माघे सङ्क्रान्ति पर्वका अवसरमा महोत्सव आयोजना गरिएको हो । चीन र भारतको व्यापारिक प्राचीन रेशमी मार्ग र 'साल्ट ट्रेड रुट'का रुपमा परिचित कालीगण्डकी करिडोरको एक प्रमुख व्यापारिक केन्द्र बेनीको महत्वलाई झल्काउने तथा आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो।

दस दिनसम्म सञ्चालन हुने महोत्सवमा एक लाख आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने र रु १० करोड बराबरको व्यापारिक कारोबार हुने अनुमान गरिएको छ । म्याग्दीको पर्यटन, कृषि, जलविद्युत्, खनिज, वन पैदावारजन्य उद्योग व्यवसायमा लगानी भित्र्याउन, संस्कृति संरक्षण, प्रतिभा पहिचान, प्रवर्द्धन र खेलकुदलाई पनि महोत्सवसँग जोडिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय औद्योगिक, कृषि तथा पशुजन्य उत्पादनको प्रर्दशनी, पुरुष-महिला भलिबल, बास्केटबल, लोकदोहोरी गीत, कलाकारहरुको प्रस्तुति महोत्सवका आकर्षक रहने म्याग्दी उद्योग वाणिज्य सङ्घले जनाएको छ । पुर्ख्यौली नाच, रत्यौली गीत, भजन, म्याग्दी आइडल, एकल लोकनृत्य, जतजातिको झाँकी प्रदर्शनी पनि आयोजना गरिएको छ ।रासस

# महान्यायाधिवक्ता कार्यालयः गत आवमा ६८.२७ प्रतिशत मुद्दामा सफलता

**महान्यायाधिवक्ता रमेश बडालले नेपालको संविधान र सरकारी वकिलको काम कारबाहीसँग सम्बन्धित कानुनले सरकारी वकिलको कार्यक्षेत्रमा गरेको विस्तार, अपराधको नवीनतम् प्रवृत्ति र प्रविधिले ल्याएको नयाँ कसुरको नियन्त्रण र निवारणका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताको क्षमता विकास गर्न आवश्यक रहेको बताउनुभयो ।**



काठमाण्डु । महान्यायाधिवक्ता कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा फैसला भएका मुद्दामध्ये ६८ दशमलव २७ प्रतिशत सफलता हासिल गरेको जनाएको छ।

महान्यायाधिवक्ता कार्यालयले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष वार्षिक प्रतिवेदन पेस गरेपछि आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त जानकारी दिइएको हो । "उक्त आवमा सरकारी वकिल कार्यालयहरुबाट कूल ७० हजार दुई सय ८४ जना प्रतिवादीउपर ४५ हजार ९१ मुद्दा अभियोजन गरिएको छ", वार्षिक प्रतिवेदनमा भनिएको छ, "अनुसन्धान सम्पन्न भई रायसहित प्राप्त हुन आएका मुद्दामध्ये सात दशमलव८८ प्रतिशत मुद्दा नचलाउने निर्णय भएको छ, जुन गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ।"

उक्त आवमा नेपाल सरकारवादी भई मुद्दा चलाउन गरी निर्णय भएको मुद्दाको संख्या ४४ हजार आठ सय ११ र प्रतिवादी संख्या ६९ हजार छ सय ३५ छ। महान्यायाधिवक्त कार्यालय र मातहतका कार्यालयहरुसँग ५५ वटा विषयमा कानुनी राय माग भएकामध्ये ४५ वटा विषयमा कानुनी राय सल्लाह उपलब्ध गराइएको जनाइएको छ। अभियोजन प्रक्रियालाई वैज्ञानिक प्रमाणमा आधारित बनाउन र फौजदारी न्याय प्रणालीलाई थप सुदृढ गर्न कार्यालयले विभिन्न नीतिगत सुधार गरेको प्रतिवेदनमा छ।

महान्यायाधिवक्ता रमेश बडालले नेपालको संविधान र सरकारी वकिलको काम कारबाहीसँग सम्बन्धित कानुनले सरकारी वकिलको कार्यक्षेत्रमा गरेको विस्तार, अपराधको नवीनतम् प्रवृत्ति र प्रविधिले ल्याएको नयाँ कसुरको नियन्त्रण र निवारणका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताको क्षमता विकास गर्न आवश्यक रहेको बताउनुभयो।

अपराध अनुसन्धान निकाय र सरकारी वकिलबीचमा निरन्तर सहयोग, सहकार्य र समन्वय अपरिहार्य र फौजदारी न्यायको प्रभावकारिताका लागि अदालत तथा न्यायिक निकाय, अभियोजनकर्ता र प्रतिरक्षी कानुन व्यवसायीको संस्था नेपाल बार एशोसिएसनसँग निरन्तर समन्वयको आवश्यकता रहेको बताउनुभयो।

"अभियोजन प्रणाली शुद्ध गर्न र प्रभावकारी प्रतिरक्षालगायतका कार्यमा महान्यायाधिवक्ताको कार्यालय सदैव प्रतिबद्ध छ", महान्यायाधिवक्ता बडालले भन्नुभयो, "सरकारी वकिलको व्यावसायिक उन्मुक्ति स्वतन्त इमानदारिता निष्पक्षता तथा सदाचारजस्ता मान्यताहरुलाई आत्मसात् गर्दै भरोसायुक्त र पीडितमैत्री सङ्गठनका रुपमा सरकारी वकिल कार्यालयहरूलाई अझ सुदृढ गर्न निरन्तर कियाशील छ।"

नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ताले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिसमक्ष पेस गर्ने व्यवस्था छ ।रासस

# जलवायु परिवर्तनका मुद्दा साझा भएकाले सबै मिलेर समाधान गर्नुपर्छ : उपप्रधानमन्त्री पौडेल



काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जलवायु परिवर्तन र व्यापारमा दिगोपनाका विषय कुनै मुलुकको मात्रै नभई विश्वव्यापी साझा मुद्दा भएकाले सबै मिलेर समाधान गर्नेतर्फ लाग्नुपर्ने बताउनुभएको छ।

विश्व व्यापार सङ्गठन र काठमाडौं विश्वविद्यालयले शनिबार आयोजना गरेको 'दक्षिण एसियामा जलवायु परिवर्तन र व्यापारमा दिगोपना विषयक' तेस्रो वार्षिक सम्मेलनको उद्घाटन गदै अर्थमन्त्री पौडेलले नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेकाले यसको असर आर्थिक, सामाजिक एवं पूर्वाधारका क्षेत्रमा देखिएको बताउनुभयो । कम जोखिमयुक्त व्यापार पूर्वाधार विकास गर्न र उत्पादन केन्द्रको समेत विकेन्द्रीकरण गरी आपूर्ति शृङ्खलामा विविधिकरण गर्न आवश्यक रहेको उहाँको भनाइ थियो।

अर्थमन्त्री पौडेलले दक्षिण एसियाली मुलुकमा जलवायु परिवर्तनले सृजना गरेको चुनौती र आगामी दिनमा लिनुपर्ने रणनीतिका विषयमा नीति निर्माता, अनुसन्धानकर्ता र निजी क्षेत्रका प्रतिनिधिबीच छलफल गरी साझा धारणा तय गर्न यस्ता सम्मेलन उपयोगी हुने स्पष्ट पार्नुभयो । जलवायु परिवर्तनबाट नेपाललाई परेको असर र प्रभावको तुलनामा जलवायु परिवर्तनमा नेपालको भूमिका नगण्य रहेकाले नेपालले आफ्नो स्रोत र साधनले सम्भव भएसम्म जलवायु उत्सर्जन न्यूनीकरण तथा अनुकूलनका लागि गरेको प्रयास प्राथमिकताका साथ राख्नु आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

ठूलो लगानीमा निर्माण गरेका पूर्वाधारका संरचनामा बर्सेनि आउने प्राकृतिक विपत्ति बाढीपहिरो, भूकम्पका कारण हुने नोक्सानीबाट आपूर्ति शृङ्खलामा पर्ने अवरोधलाई ध्यानमा राखी जलवायुमैत्री विकास प्रक्रिया अगाडि बढाउनुपर्ने अर्थमन्त्री पौडेलले बताउनुभयो।

काठमाडौँ विश्वविद्यालयका रजिष्ट्रार डा अच्युत वाग्लेले निजी क्षेत्रमैत्री दिगो आर्थिक विकास आवश्यक रहेकाले यसबाट भविष्यको दिगो विकासका लागि टेवा पुग्ने बताउनुभयो । जलवायु परिवर्तन र विश्वव्यापी प्रवृत्ति रहेकाले दक्षिण एसियाको व्यापारलाई न्यायोचित तथा सन्तुलित तरिकारले प्रवर्द्धन गर्नुपर्नेमा जोड दिँदै उहाँले विश्वमा यसको असरलाई न्यूनीकरण गर्नेतर्फ लाग्नुपर्ने बताउनुभयो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव देवराज जोशीले व्यापार र जलवायु परिवर्तनका क्षेत्रमा रहेका समस्या तथा चुनौतीलाई सम्बोधन गरी दिगो व्यापारमा नेपाल अगाडि बढ्नुपर्ने बताउनुभयो । जलवायु परिर्वतन र दिगोपनालाई लक्षित गरी स्रोतको परिचालन र व्यवस्थापनमा अगाडि बढेको उल्लेख गर्दै उहाँले नीति निर्माण तथा कार्ययोजनामार्फत व्यापार प्रवर्द्धन गर्न अध्ययन, अनुसन्धानले सहयोग पुर्याउने बताउनुभयो । सम्मेलनमा नेपाल, भारत, बङ्गलादेश, चीन, टर्की, इन्डोनेसियालगायत नौ देशका प्रतिनिधिको सहभागिता छ ।रासस

# 'सबै निकाय र राजनीतिक दलले सूचना हक कार्यान्वयन गर्नुपर्नेमा जोड'



काठमाण्डु । सभामुख देवराज घिमिरेले सार्वजनिक निकायका साथै सबै राजनीतिक दलले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यावहारिक र प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभएको छ।

राष्ट्रिय सूचना आयोगले आइतबार आयोजना गरेको 'राजनीतिक दलमा सूचनाको हकसम्बन्धी कानुनको अभ्यास' विषयक अन्तरक्रियामा उहाँले सबै राजनीतिक पार्टीले लोकतन्त्रलाई बलियो बनाउन र जनताको विश्वास जित्न पारदर्शी बन्दै सो ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताउनुभयो।

प्रत्येक तीन/तीन महिनामा सार्वजजिक निकायले सरोकार भएका सबै सूचना अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने तथा कार्यालयमा रहेका सूचना प्रवाह गर्न सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले "प्रत्येक सावर्जनिक निकायले आमनागरिकको सूचना पाउने मौलिक हकको सम्मान गर्दै सूचना प्रवाह गर्नु पर्दछ", भनेको छ।

सभामुख घिमिरेले भन्नुभयो, "हामीले सूचनाको हकसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि वा घोषणापत्रमा नेपाल पक्ष भएर सहमति गरेका छौँ, साथै वर्तमान संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरी प्रत्येक नागरिकले आफूलाई चाहिएको वा सरोकार भएका सूचना माग्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ।"

सभामुख घिमिरेले लोकतान्त्रिक संसदीय प्रणालीभित्र राजनीतिक दलहरूको भूमिका सबैभन्दा माथि रहने जनाउँदै उहाँले दलहरू पारदर्शी, वस्तुनिष्ठ र जनताकेन्द्रित हुनुपर्ने जिकिर गर्नुभयो । संसदीय प्रणालीभित्र दलहरूको भूमिका प्रमुख हुने बताउँदै उहाँले संसदीय प्रणालीलाई बलियो बनाउन सूचनाको हकलाई सबैले प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेसका सहमहामन्त्री भीष्मराज आङ्देम्बेले कांग्रेसले लोकतान्त्रिक सिद्धान्तलाई पालना गर्दै सूचनाको हकसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्दै आएको बताउनुभयो । उहाँले लोकतन्त्र बलियो भए देश बलियो हुने बताउँदै लोकतन्त्रको प्रमुख आधार सूचनाको हक रहेको उल्लेख गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले सूचनाको हकसम्बन्धी ऐन र संवैधानिक व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गर्दै आफ्नो पार्टीले पारदर्शी ढङ्गबाट जनतालाई हरेक सूचना प्रवाह गरिरहेको दाबी गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपाध्यक्ष अग्निप्रसाद सापकोटाले लोकतन्त्रको आधार पारदर्शीता र सूचनाको हक रहेकाले यसलाई व्यावहारिक रूपमा सबै निकायले कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । लोकतन्त्रका मूल्य, मान्यतालाई पालना गर्दै पार्टीले आमनागरिकलाई पारदर्शी ढङ्गबाट सूचना प्रवाह गरिरहेको उहाँले बताउनुभयो ।रासस

# 'महिलालाई आत्मनिर्भर बनाउन सहकारीको भूमिका महत्वपूर्ण'




कीर्तिपुर । कृषि तथा पशुपन्क्षी विकासमन्त्री रामनाथ अधिकारीले महिलालाई आत्मनिर्भर बनाउन सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको धारणा व्यक्त गर्नुभएको छ।

डिजिटल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडद्वारा स्थापित परम्परागत फलफूलजन्य उत्पादन उद्योग 'डिजिटल हिमालयन स्वीट्स एण्ड ट्रिट्स'को यहाँ उद्धाटन गर्दै उहाँले गरिबी निवारण र महिलालाई आत्मनिर्भर बनाउन सहकारीको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले महिला नेतृत्व भएका सहकारी संस्थामा तुलनात्मक रुपमा कम समस्या देखिएको समेत उल्लेख गर्नुभयो।

स्थानीय स्तरमा सञ्चालित सहकारीले महिलालाई आत्मनिर्भर बनाउँदै श्रीमानको भरपर्नुपर्ने अवस्था कम भएको आफूले पाएको उहाँको भनाइ थियो ।रासस.

# 'देश विकासका लागि सामाजिक र सांस्कृतिक रूपान्तरण हुनु जरुरी छ'



देउखुरी । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले देश विकासका लागि सामाजिक र सांस्कृतिक रूपान्तरण हुन जरूरी रहेको बताउनुभएको छ।

नेपाल उत्पीडित जातीय मुक्ति समाज जिल्ला कमिटी दाङको आयोजनामा आइतबार घोराहीमा भएको 'नेपालको संविधान २०७२ दलित अधिकार तथा प्रभावकारी कार्यान्वयन' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले त्यसकाल लागि दलित समुदाय आर्थिक, सामाजिक रुपमा सशक्तीकरण र आम रूपमा समाजिक जागरणको आवश्यकता रहेको बताउनुभयो।

महासचिव पोखरेलले धार्मिक, सामाजिक र सांस्कृतिक परम्पराले सिर्जना गरेको सङ्कीर्ण सोचका कारण समाजमा उचनिजको व्यवहार हुने गरेको भन्दै यसलाई भत्काउन जरूरी रहेको बताउनुभयो । उहाँले धर्मका नाममा हुने विभेदलाई चिर्नका लागि समाजिक आन्दोलन चाहिने जिकिर गर्नुभयो । "संविधानमा लेखेर मात्रै यो समस्या समाधान हुँदैन। छुवाछूतजन्य व्यवहारमै परिवर्तन गर्न लाग्नुपर्छ",महासचिव पोखरेलले भन्नुभयो,"गलत संस्कृतिहरुलाई सामजिक आन्दोनका माध्यमबाट बदल्नुपर्छ । त्यसका लागि सबै लागौँ ।"

दलित समुदायका पुर्ख्यौली पेसालाई आधुनिकीकरण गर्दै आर्थिक सशक्तीकरण गर्न सकेमा सामाजिक अवस्था सुधारमा योगदान पुग्ने उहाँको भनाइ थियो । "दलित समुदायले परम्परादेखि गर्दै आएको पेसामा नयाँ सोच र प्रविधिको उपयोग गर्दै रुपान्तरण गर्नुपर्छ। पेसाप्रति घृणा होइन गर्व गर्ने वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता छ । आर्थिक रूप सबल र आत्मनिर्भर हुनसकेमा धेरै हदसम्म विगतको विकृत सोचमा परिवर्तन ल्याउँछ किनकि पछिल्लो समय आर्थिक रूपमा सम्पन्न व्यक्तिलाई सम्मान गर्ने परिपाटी विकास हुँदैगएको छ", महासचिव पोखरेलले भन्नुभयो।

मुक्ति समाज जिल्ला कमिटी दाङका अध्यक्ष शङ्कर नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा समाजका केन्द्रीय उपाध्यक्ष नन्दलाल विश्वकर्मा, केन्द्रीय सदस्य भागवत विश्वकर्मा, लुम्बिनी प्रदेश अध्यक्ष कृष्णबहादुर नेपाली, नेकपा (एमाले) दाङका उपाध्यक्ष मनोहर बुढाथोकीलगायतले सम्बोधन गर्नुभएको थियो ।रासस

# शुक्लाफाँटाका विस्थापितको समस्या समाधान आयोगद्वारा प्रतिवेदन पेस



काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीसमक्ष शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्थापितहरुको समस्या समाधान आयोग-२०८१ ले प्रतिवेदन बुझाएको छ । समितिका अध्यक्ष जयानन्द पनेरुले आइतबार मन्त्रालयमा उक्त प्रतिवेदन मन्त्री शाहीलाई बुझाउनुभएको हो।

सरकारले गत असोज २ गते मन्त्रिपरिषद्स्तरीय निर्णयबाट तीन महिनाको कार्यावधि तोकी सो आयोग गठन गरेको थियो।

उच्च अदालतका पूर्वन्यायाधीश पनेरु अध्यक्ष रहनुभएको आयोगमा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटा, भूमिसुधार तथा मालपोत कार्यालय कञ्चनपुरका प्रमुख मालपोत अधिकृत लक्ष्मणबहादुर कठायत, नापी कार्यालय कञ्चपनुरका प्रमुख नापी अधिकृत किशनसिंह विष्ट, डिभिजन वन कार्यालय कञ्चपनुरका डिभिजनल वन अधिकृत रामविचरी ठाकुर सदस्य हुनुहुन्छ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय कञ्चनपुरका वरिष्ठ संरक्षण अधिकृत मनोजकुमार साह सदस्य-सचिव हुनुहुन्छ।

आयोगले गत असोज ७ गतेदेखि काम आरम्भ गरी तोकिएको समयमा रायसहितको प्रतिवेदन तयार गरी सो प्रतिवेदन मन्त्रीसमक्ष पेस गरेको जनाएको छ ।रासस

# सिरियाली विषयमा वार्ता गर्न अरब र इयूका कूटनीतिज्ञ साउदी अरबमा

एएफपी

रियाद । बशर अल असदको पतनपछि विश्व शक्तिराष्ट्रहरूले स्थिरताका लागि जोड दिइरहेका बेला मध्यपूर्व र युरोपका उच्च कूटनीतिज्ञहरू सिरियाबारे छलफल गर्न आइतबार साउदी अरबको राजधानी रियाद आइपुगेका छन्।

मध्यपूर्वको सबैभन्दा ठूलो अर्थतन्त्र साउदी अरबले गत महिना इस्लामिक नेतृत्वको विद्रोहीले असदलाई सत्ताच्युत गरेपछि सिरियामा आफ्नो प्रभाव बढाउन खोजेको विश्लेषकहरूले बताएका छन् ।

"आइतबारको वार्ता दुई सत्रमा हुनेछ । पहिलो सत्रमा अरब अधिकारीहरूबीचको छलफल हुनेछ भने टर्की, फ्रान्स, युरोपेली सङ्घ र संयुक्त राष्ट्र सङ्घसहित व्यापक सहभागितामा अर्को छलफल हुनेछ," एक साउदी अधिकारीले शनिबार एएफपीलाई बताए।

असदलाई सत्ताच्युत गर्ने गठबन्धनमा मुख्य विद्रोही समूहको नेतृत्व गरेका सिरियाका नयाँ नेता अहमद अल-शराले प्रतिबन्धबाट राहतका लागि दबाब दिइरहेका समय कुटनीतिज्ञहरूको यो बैठक हुनलागेको हो ।

सन् २०११ मा असदले सरकारविरोधी प्रदर्शनमा निर्मम दमन गरेको भन्दै संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घलगायत पश्चिमा शक्तिहरूले सरकारमाथि प्रतिबन्ध लगाएका थिए।

सिरियामा चलेको १३ वर्षभन्दा लामो द्वन्द्वका कारण पाँच लाखभन्दा बढी सिरियालीको मृत्यु भएको छ, भौतिक संरचना ध्वस्त भएका छन् र करिब आधा जनसंख्या आन्तरिक वा बाह्यरूपमा शरणार्थी बनेका छन् भने सम्पूर्ण आम्दानीका अवसर गुम्दा मानिसहरू चरम गरिबीको रेखामुनि बाँच्न तयार भएका छन् । युद्धका कारण लाखौं मानिस आफ्नो घर छोडेर युरोपतिर पलायन भएका छन् । उद्योगी तथा व्यवसायी पनि सुरक्षित गन्तव्यतर्फ



लागेका छन् ।

सिरियाका नयाँ शासकले अल्पसंख्यक समुदायको संरक्षण गर्ने समावेशी सरकार गठनका लागि कदम चालेमा २७ राष्ट्रको समूह (इयू)ले प्रतिबन्ध फुकुवा गर्न सक्ने युरोपेली सङ्घका उच्च कूटनीतिज्ञ काजा कल्लासले बताउनुभएको छ ।

साउदी अरबले सन् २०१२ मा असदको सरकारसँग सम्बन्ध तोडेको थियो र लामो समयदेखि उहाँलाई सत्ताच्युत गर्ने अभियानमा खुलेर वकालत गर्दै आएको थियो । तर सन् २०२३ मा उसले अरब लिगको बैठक आयोजना गरेको थियो जसमा असदलाई क्षेत्रीय तहमा स्वागत गरिएको थियो।

यसै महिना खाडी मुलुकले सिरियामा जमीन र हवाई जहाजमार्फत खाद्यान्न, आवास र स्वास्थ्य सामग्री पठाएको छ ।

रियादले अहिले युद्धग्रस्त देशको सङ्क्रमणलाई कसरी समर्थन गर्ने भन्ने विषयमा छलफल गरिरहेको छ ।

वासिङ्टनस्थित अरब गल्फ स्टेट्स इन्स्टिच्युटका गैरआवासीय फेलो अन्ना जेकब्सले भन्नुभयो, "यो शिखर सम्मेलनले सिरियाको पुनरुत्थानमा सहयोग गर्न क्षेत्रीय प्रयासको समन्वय गर्न साउदी अरबले नेतृत्व लिन चाहेको सन्देश दिएको छ ।

"तर ठूलो प्रश्न यो हो कि साउदी अरबले यो प्रयासमा कति समय र कति स्रोतहरू खर्च गर्नेछ? अनि धेरै प्रतिबन्धहरू बाँकी रहँदा के सम्भव छ?"

**सिरियाका नयाँ शासकले अल्पसंख्यक समुदायको संरक्षण गर्ने समावेशी सरकार गठनका लागि कदम चालेमा २७ राष्ट्रको समूह (इयू)ले प्रतिबन्ध फुकुवा गर्न सक्ने युरोपेली संघका उच्च कूटनीतिज्ञ काजा कल्लासले बताउनुभएको छ ।**

### सतर्क दृष्टिकोण

जोर्डनमा गत महिना भएको असदपछिको सिरियासम्बन्धी वार्ताको निरन्तरतालाई लिएर आइतबारको बैठकले प्रतिनिधित्व गर्ने साउदी अधिकारीले बताएका छन् ।

अकाबामा भएको वार्तापछि कूटनीतिज्ञहरूले ' पारदर्शी प्रक्रियाबाट गठन भएको समावेशी, गैरसाम्प्रदायिक र प्रतिनिधिमूलक सरकार निर्माण गर्न' सिरियाली नेतृत्वमा सङ्क्रमणका लागि संयुक्त वक्तव्य जारी गरेका थिए।

वक्तव्यमा 'मानव अधिकारको सम्मान' र 'आतङ्कवाद र अतिवाद' विरुद्ध लड्नुपर्ने महत्वमा जोड दिँदै सिरियामा सबै पक्षलाई शत्रुता अन्त्य गर्न माग गरिएको छ ।

टर्कीएका विदेशमन्त्रीले आइतबारको बैठकमा आफू सहभागी हुने पुष्टि गर्नुभएको थियो । इराकका उच्च कूटनीतिज्ञ पनि बैठकमा सहभागी हुन रियादमा आइपुग्नुभएको छ भने जर्मनीका विदेशमन्त्री पनि सम्मेलन स्थलमा पुग्नुभएको छ ।

टर्कीएको भ्रमणमा रहनुभएका अमेरिकी उपविदेशमन्त्री जोन बास पनि टर्कीएबाट बैठकका लागि रियाद जाने कार्यक्रम तय भएको छ ।

बैठकलाई आंशिक रूपमा "क्षेत्रीय स्थिरताको महत्व, सिरियालाई आतङ्कवादको अखडाको रूपमा प्रयोग हुनबाट रोक्न र इस्लामिक स्टेट समूहको स्थायी पराजय सुनिश्चित गर्न' आयोजना गरिएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ।

"असदको पतनपछि दमास्कसमा दूतावासहरू खोल्ने पहिलो देशहरू टर्कीए र कतारलेभन्दा सिरियाको नयाँ प्रशासनप्रति साउदी अरब बढी सतर्क दृष्टिकोण राख्ने मुलक हो," बर्मिंघम विश्वविद्यालयका साउदी राजनीतिका विशेषज्ञ उमर करिमले भन्नुभयो ।

"रियादले सिरियाका नयाँ नेताहरूसँग 'सकारात्मक दृष्टिकोण' लिइरहेको छ र उनीहरूले स्थिरता ल्याउन सक्छन् कि सक्दैनन् वा 'उनीहरूका समूहका अतिवादी तत्वहरूलाई नियन्त्रण गर्न सक्छन् कि सक्दैनन्', भन्ने हेरिरहेको छ," करिमले भन्नुभयो ।

शराले नेतृत्व गरेको समूह हयात तहरीर अल-शाम अल-कायदाको सिरियाली शाखाका रूपमा चिनिन्छ, यद्यपि, उसले वर्षौंअघि यो सम्बन्ध तोडेर आफ्नो छविलाई नरम बनाउने प्रयास गरेको छ ।

आइतबारको भेलाले रियादलाई नयाँ सिरियाली सरकारसँग आफ्नो प्रभाव बढाउने र टर्की र कतारको बढी प्रभुत्व रहेको देशमा बढी प्रभाव जमाउने अवसर प्रदान गरेको जेकब्सले बताउनुभयो ।

# दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन पहिलो महाभियोग सुनुवाइमा उपस्थित नहुने

एएफपी

सियोल । दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योल सुरक्षा चिन्ताका कारण आगामी साता हुने उहाँको महाभियोग मुद्दाको पहिलो सुनुवाइमा उपस्थित नहुने उहाँका वकिलले आइतबार बताएका छन् ।

गत महिना मार्सल लको अल्पकालीन घोषणाले देशलाई राजनीतिक अराजकतामा डुबाएपछि निलम्बन र महाभियोग लागेपछि युन राष्ट्रपति निवासमा एलिट सुरक्षा बलको सुरक्षामा बसिरहनुभएको छ ।

उहाँले अभियोजक र अनुसन्धानकर्ताहरूलाई भेट्न अस्वीकार गर्नुभएको छ र उहाँको प्रेसिडेन्सियल गार्ड युनिटले यस महिनाको सुरुमा तनावपूर्ण, लामो गतिरोधपछि उहाँलाई पक्राउ गर्ने प्रयासलाई विफल पारेको थियो ।

संवैधानिक अदालतले जनवरी १४ देखि फेब्रुअरी ४ सम्मका पाँचवटा सुनुवाइको मिति तय गरेको छ । ती सुनुवाइमा उहाँ उपस्थित हुनुभएन भने उहाँको अनुपस्थितिमा सुनुवाइ अगाडि बढ्नेछ ।

"सुरक्षा र सम्भावित घटनाहरूका बारेमा चिन्ता उत्पन्न भएको छ । तसर्थ राष्ट्रपति जनवरी १४ मा सुनुवाइमा उपस्थित हुन सक्नुहुन्न", वकिल युन कब-केउनले एएफपीलाई पठाएको विज्ञप्तिमा भन्नुभयो, "सुरक्षा मुद्दाहरू समाधान भएपछि राष्ट्रपति कुनै पनि समयमा उपस्थित हुन तयार हुनुहुन्छ ।"

दालतले उहाँको महाभियोग कायम राख्ने वा उहाँलाई कार्यालयमा पुनर्स्थापित गर्ने निर्णय गर्नेछ ।

छुट्टै, उहाँको असफल सैन्य शासन घोषणासँग सम्बन्धित विद्रोहको आरोपमा युनसँग सोधपुछ गर्न खोज्ने अनुसन्धानकर्ताहरूले अर्को गिरफ्तारी प्रयासको तयारी



गरिरहेका छन् ।

उहाँका वकिलहरूले प्रारम्भिक सात दिने वारेन्ट र यो साता प्राप्त नयाँ वारेन्ट दुवै 'गैरकानूनी' भएको बारम्बार बताएका छन्।

अनुसन्धानकर्ताहरूले नयाँ वारेन्टको अवधि गोप्य राखेका छन् । स्थानीय मिडिया रिपोर्टहरूले यो अघिल्लो सात दिन भन्दा लामो रहेको जनाएका छन् ।

### उच्च सतर्कता

सङ्कट सुरु भएयता युनका पक्ष र विपक्षका प्रदर्शनकारीहरू दक्षिण कोरियाली राजधानीमा लगभग दैनिक जम्मा हुने गरेका छन् ।

युनको महाभियोगलाई अवैध घोषणा गर्न वा उहाँलाई तुरुन्तै हिरासतमा राख्न आह्वान गर्दै आइतबार युनको निवास बाहिर र सियोलको सडकमा थप प्रदर्शनको योजना बनाएका छन् ।

राष्ट्रपतिको कानूनी टोलीले उहाँका सुरक्षाकर्मीहरू 'उच्च सतर्कता' मा रहेको बताएको छ ।

अनुसन्धानकर्ताहरूले उहाँलाई हिरासतमा लिन सकेमा युन पक्राउ पर्ने पहिलो दक्षिण कोरियाली राष्ट्रपति बन्नुहुनेछ । दोषी ठहर भए उहाँलाई जेल वा मृत्युदण्डसम्म हुनसक्छ ।

भ्रष्टाचार अनुसन्धान कार्यालय (सिआइओ) का अधिकारीहरू र प्रहरीको टोलीले अर्को प्रयासको योजना बनाइरहेका छन् । यो उनीहरूका अनुसार अन्तिम हुनसक्छ ।

सिआइओले कसैले पनि उनीहरूको प्रयासमा बाधा पुऱ्याएमा उनीहरूलाई पनि हिरासतमा लिन सकिने बताएको छ र प्रहरीले शुक्रबार नयाँ प्रयासको योजना बनाउन वरिष्ठ कमान्डरहरूको बैठक गरेको बताइएको छ ।

पूर्व राष्ट्रपति सुरक्षा सेवा (पिएसएस) प्रमुख पार्क चोङ-जुनले पत्रकारहरूलाई कुनै पनि दोस्रो गिरफ्तारी प्रयासमा कुनै रक्तपात नहुनुपर्ने बताउनुभयो । पार्कले शुक्रबार राजीनामा दिएर स्वतः अझ कट्टर युन समर्थक द्वारा प्रतिस्थापित हुनुभएको छ ।

उहाँले दुई दिनको सोधपुछको सामना गर्नुभयो र आफ्नो राजीनामाको कारण बताउनुभएन । "म अधिकारीहरूको अनुसन्धानमा सकेसम्म लगनशील भई सहयोग गर्दैछु", उहाँले शनिबार पत्रकारहरूलाई भन्नुभयो ।

उहाँको प्रतिस्थापन, कार्यवाहक पिएसएस प्रमुख किम सेओङ-हुनले युनको सुरक्षा गर्नुपर्ने भन्दै शनिबार तेस्रो समनमा उपस्थित हुन अस्वीकार गर्नुभयो ।

# पाकिस्तानमा २ करोड २० लाखभन्दा बढी बालबालिका विद्यालयबाट बाहिर

एएनआई

इस्लामाबाद । पाकिस्तानका प्रधानमन्त्री शाहबाज शरिफले देशमा दुई करोड २० लाखभन्दा बढी बालबालिका विद्यालय नगएको बताउँदै मुस्लिम राष्ट्रहरूले बालिकाहरूको शिक्षामा ध्यान केन्द्रित गर्नुपर्ने कुरामा जोड दिनुभएको छ ।

इस्लामाबादमा दुई दिने 'मुस्लिम समुदायमा बालिका शिक्षा : चुनौती र अवसर' सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा बोल्दै उहाँले बालिकालाई शिक्षामा समान पहुँच प्रदान गर्न मुस्लिम विश्वले सामना गर्ने महत्त्वपूर्ण अवरोधहरूलाई स्वीकार गर्नुभयो ।

प्रधानमन्त्री शरिफले आगामी दशकमा लाखौं युवा बालिकाहरू श्रमशक्तिमा प्रवेश गर्ने भन्दै उनीहरूले आफू र आफ्नो परिवारलाई गरिबीबाट माथि उठाउन मात्र नभई विश्व अर्थतन्त्रमा समेत योगदान गर्न सक्ने सम्भावनामा जोड दिनुभयो ।

पाकिस्तानको कूल जनसंख्याको आधाभन्दा बढी महिला भए पनि महिला साक्षरता दर ४९ प्रतिशत मात्र रहेको उहाँले जानकारी दिनुभयो । पाँचदेखि १६ वर्ष उमेर समूहका करिब दुई करोड २८ लाख बालबालिका विद्यालय बाहिर रहेको र बालिकाहरूको संख्या असमान रहेको पनि उहाँले उल्लेख गर्नुभयो ।

"बालिकाहरूलाई शिक्षाबाट वञ्चित गर्नु भनेको उनीहरूको आवाज र छनोटबाट वञ्चित गर्नु हो र उज्ज्वल भविष्यको अधिकारबाट वञ्चित गर्नु हो", डनले प्रधानमन्त्री शरिफलाई उद्धृत गर्दै भनेको छ ।

सम्मेलनमा नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाईसहित मुस्लिम बहुल देशका धेरै अन्तर्राष्ट्रिय प्रतिनिधिहरूले भाग लिइरहेका छन् ।

मलालाले सम्मेलनमा विश्व नेताहरूसँग सहभागी हुन पाउँदा उत्साहित रहेको बताउँदै एक्समा आइतबार बालिकाहरूको शिक्षाको अधिकार संरक्षणको महत्त्व र तालिबानले अफगान महिला तथा बालिकाहरूप्रति गरेको व्यवहारका लागि जिम्मेवार ठहऱ्याउनुपर्ने विषयमा बोल्नुहुने बताउनुभएको छ ।

"म विश्वभरका मुस्लिम नेताहरूसँग बालिका शिक्षाको महत्त्वपूर्ण सम्मेलनमा सहभागी हुन उत्साहित छु... आइतबार म सबै बालिकाहरूको विद्यालय जाने अधिकारको संरक्षणका बारेमा र नेताहरूले अफगान महिला र बालिकाहरूविरुद्धको अपराधका लागि तालिबानलाई किन जिम्मेवार ठहऱ्याउनुपर्छ भन्ने विषयमा बोल्नेछु", उहाँले एक्समा लेख्नुभएको छ ।

बुधबार पाकिस्तान विदेश कार्यालयको वक्तव्यलाई उद्धृत गर्दै डनले जनाएअनुसार शिक्षामार्फत बालिकाहरूलाई सशक्त बनाउन मुस्लिम देशहरूको साझा प्रतिबद्धता उल्लेख गरिएको इस्लामाबाद घोषणापत्र हस्ताक्षर गरी सम्मेलन समापन हुनेछ ।

प्रधानमन्त्री शरीफले यो घोषणापत्र उम्माह (मुस्लिम समुदाय) को सामूहिक लक्ष्यको रूपमा संयुक्त राष्ट्रसङ्घ र सुरक्षा परिषद्समक्ष पेस गरिने बताउनुभयो ।

प्रतिनिधिहरूले विश्वभर बालिका शिक्षा अघि बढाउने प्रतिबद्धता जनाउँदै अन्तर्राष्ट्रिय साझेदारी सम्झौतामा पनि हस्ताक्षर गरेका छन् ।

# लेबनानका प्रधानमन्त्री र सिरियाली नेताबीच भेटवार्ता

एएफपी


दमास्कस । सिरिया भ्रमणमा रहनुभएका लेबनानका प्रधानमन्त्री नजिब मिकातीले सिरियाली नेता अहमद अल-शरासँग भेटवार्ता गर्नुभएको छ ।

शनिबार भएको पहिलो औपचारिक भ्रमणका क्रममा दुई नेताबीच लेबनानमा रहेका सिरियाली शरणार्थीलाई नयाँ सरकारसँग भेट गर्न स्वदेश फर्कन दिने उपायबारे छलफल गरेको न्युयोर्क टाइम्सले जनाएको छ ।

लेबनानी प्रधानमन्त्रीको कार्यालयले दिएको जानकारीअनुसार मिकातीले सिरियाको राजधानी दमास्कसमा शनिबार अपराह्न सिरियाली नेता अहमद अल-शरासँग भेटवार्ता गर्नुभएको हो ।

"लेबनान र सिरियालाई एकतामा बाँध्ने दुई देशका जनताबीचको ऐतिहासिक सम्बन्ध, असल छिमेकीपन र घनिष्ठ, समान सम्बन्ध नै दुई देशबीच विद्यमान वा आवश्यक सहयोगको प्रकृतिलाई सबै तहमा नियन्त्रण गर्ने आधार हो भन्ने कुरामा हामी पुष्टि गर्दछौं," भेटवार्तापछि मिकातीले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ ।

गत महिना सिरियाका पूर्व राष्ट्रपति बसर अल असदको दशकौं लामो शासनलाई अन्त्य गर्दै पदच्युत गरिएको विद्रोहको नेतृत्व गर्ने इस्लामिक समूह



हयात तहरीर अल-शामको नेतृत्व अल-शाराले गर्नुभएको थियो ।

दमास्कसमा आयोजित पत्रकार सम्मेलनमा सिरियाली शरणार्थी सङ्कटको शीघ्र समाधानका लागि आग्रह गर्दै मिकातीले सन् २०११ मा सुरु भएको सिरियाली गृहयुद्धका कारण लेबनानले लिएको १० लाखभन्दा बढी शरणार्थीको समस्यालाई दुवै देशले छिटो समाधान गर्नुपर्ने बताउनुभयो ।

गृहयुद्धका कारण विस्थापितमध्ये अझै पनि धेरै सिरियाली लेबनानस्थित शरणार्थी शिविरमा रहेका छन् । "दुवै देशको हितमा यो मुद्दालाई जतिसक्दो चाँडो समाधान गर्नु र विस्थापितहरूलाई सिरियामा फिर्ता गर्नु आज अत्यावश्यक भएको छ," मिकातीले भन्नुभयो, "मलाई विश्वास छ अल-शाराले यस प्रयासलाई समर्थन गर्नुहुनेछ ।"

अल-शाराले दुई नेताबीच सीमा सुरक्षालगायत 'बाँकी मुद्दाहरू' बारे छलफल भएको तर शरणार्थीहरूको फिर्तीबारे कुनै टिप्पणी नगरेको बताउनुभयो ।

उहाँले विभिन्न समस्यालाई कसरी समाधान गर्न सकिन्छ भनेर अध्ययन गर्न समितिहरू गठन गरिने बताउनुभयो तर उहाँले सिरियालीहरूलाई गरिब देशको द्रुत सुधारको लागि उनीहरूको अपेक्षा कम गर्न आग्रह गर्नुभयो ।

"सिरियामा हाम्रा धेरै समस्या छन्", अल-शाराले भन्नुभयो, "हामी ती सबै एकैचोटि समाधान गर्न सक्षम हुनेछैनौं । हामीले तिनीहरूलाई विभाजन गर्नुपर्छ र प्रत्येकको समाधान खोज्नुपर्छ।"

लेबनानको राष्ट्रपतिमा जोसेफ औन निर्वाचित भएपछि मिकातीको दमास्कस भ्रमण भएको हो ।

औनले अर्को हप्ता नयाँ प्रधानमन्त्री मनोनित गर्ने विषयमा छिट्टै परामर्श सुरु गर्नुहुने बताइएको छ। यसैबीच युक्रेनका विदेशमन्त्री आन्द्री सिबिहाले हालै दमास्कसमा अल-शारा, उहाँका समकक्षी असद हसन अल-शैबानी र अन्य अधिकारीसँग वार्ता गरी सिरियासँगको सम्बन्ध पुनःस्थापित गर्न इच्छा व्यक्त गर्नुभएको अलजजिराले जनाएको छ ।

सिरियाका विदेशमन्त्री असद हसन अल-शिबानीले युक्रेनसँग 'रणनीतिक साझेदारी' का लागि आफ्नो देशको इच्छा व्यक्त गर्दै दुवै देशका साझा अनुभव र पीडालाई उजागर गर्नुभयो ।

गत वर्षको डिसेम्बर ८ मा बशर अल असदको पतनपछि विदेशी (लेबनानी) उच्च पदस्थ अधिकारीद्वारा गरिएको यो सबैभन्दा महत्वपूर्ण भ्रमण हो ।

# लस एन्जसलसको आगलागीमा मृत्यु संख्या १६ पुग्यो

एएफपी

लस एन्जलस । हावाको वेग बढ्दै गएर आगोलाई पहिले नछोएका क्षेत्रहरूतर्फ धकेलिरहँदा दमकलकर्मीहरू शनिबार लस एन्जलस वरिपरिका विशाल डढेलोहरू नियन्त्रण गर्न समयसँगै दौडिरहेका थिए ।

सहरभर फैलिएको आगलागीबाट कम्तीमा १६ जनाको मृत्यु भएको पुष्टि भएको छ । आगलागीले समुदायहरूलाई तहसनहस पारेको छ र हजारौं दमकलकर्मीहरू र लाखौं क्यालिफोर्नियाका बासिन्दाहरूको साहसको परीक्षा लिइरहेको छ ।

हवाई कर्मचारीहरूबाट सटीक उडानहरू सहित वीरतापूर्ण प्रयासहरू भए पनि पालिसेड्स आगलागी शनिबार बढ्दै गयो र यो पूर्वमा गेट्टी सेन्टर कला सङ्ग्रहालयको अमूल्य सङ्ग्रहहरू र उत्तरमा घना जनसंख्या भएको सान फर्नान्डो उपत्यकातर्फ फैलिँदै छ । सारा कोहेनले लस एन्जलस टाइम्सलाई आफ्नो टार्जानास्थित घरमाथिको खतराबारे भन्नुभयो, "हामी चिन्तित छौं, जब-जब उनीहरूले पानी खसाल्छन्, स्थिति राम्रो हुन्छ तर फेरि खराब हुन्छ ।"

मन्डेभिल क्यानियन क्षेत्रका फुटेजमा एउटा घर जलिरहेको देखाइएको छ । हावाको छोटो विश्राम द्रुत गतिमा हावाहुरीमा परिणत भइरहेको छ र यसले मौसम पूर्वानुमानकर्ताहरूका अनुसार आगामी दिनहरूमा आगलागीलाई बढाउनेछ ।

"दुर्भाग्यवश दक्षिणी क्यालिफोर्नियाका लागि आज फेरि गम्भीर आगो-मौसमको अवस्था बढ्नेछ र कम्तीमा अर्को हप्ताको सुरुसम्म रहनेछ", राष्ट्रिय मौसम सेवाले भन्यो, "यसले चलिरहेका आगलागीहरूको विस्तार साथै नयाँ आगलागीहरूको विकासमा योगदान पुऱ्याउन सक्छ ।"



जीवित व्यक्तिहरूलाई सहरमा फैलिएको बाक्लो धुवाँका विषाक्त कणहरू सास फेर्नबाट बच्न बाहिर समय बिताउन वा मास्क लगाउन चेतावनी दिइएको थियो ।

पालिसेड्स आगलागी शनिबार ११ प्रतिशत नियन्त्रणमा थियो तर २३ हजार ६०० एकड (९,५०० हेक्टर) सम्म फैलिएको थियो भने इटन आगलागी १४ हजार एकडमा फैलिएको र १५ प्रतिशत नियन्त्रणमा थियो ।

आधिकारिक तथ्याङ्कले १२ हजारभन्दा बढी संरचना जलेको देखाउँछ तर क्याल फायरका टोड हफ्किन्सले सबै घरहरू नभएको र संख्यामा बाहिरी भवनहरू, आरभी, सवारी साधन र छाप्राहरू पनि समावेश भएको बताउनुभयो ।

लुटपाट र रातको समयमा कर्फ्यूको रिपोर्टका साथ प्रहरी र नेसनल गार्डले मानिसहरूलाई विपद् क्षेत्रमा प्रवेश गर्नबाट रोक्नका लागि चौकीहरू स्थापना गरेका छन् ।

### शव खोजी

यस त्रासदीमा मृत्यु भएकाहरूमध्ये सन् १९९० को दशकमा बेलायती टिभी शो 'किड्डी क्यापर्स' मा देखिएका पूर्व अस्ट्रेलियाली बाल कलाकार रोरी साइक्स पनि थिए ।

"मेरो सुन्दर छोरा रोरी साइक्सको हिजो मालिबु आगलागीमा मृत्यु भएको घोषणा गर्नुपर्दा म अत्यन्त दुःखी छु । म पूर्णतः टुटेकी छु", उनकी आमा शेली साइक्सले सामाजिक सञ्जालमा लेख्नुभयो ।

### अनुसन्धान

एफबिआई र ब्युरो अफ अल्कोहल, टोबाको, फायरआर्म्स एन्ड एक्सप्लोसिभ्स (एटिएफ) र स्थानीय अधिकारीहरू मिलेर आगलागीको कारण पत्ता लगाउन ठूलो अनुसन्धान भइरहेको लस एन्जलस काउन्टीका सेरिफ रोबर्ट लुनाले भन्नुभयो ।

"हामी कुनै कसर बाँकी राख्ने छैनौं, यदि यो आपराधिक कार्य हो भने -- म यस्तै हुन्छ भन्दिनँ -- यदि हो भने, जसले यो गऱ्यो वा जुन समूह जिम्मेवार छ, उनीहरूलाई पक्राउ गर्नुपर्छ", लुनाले कुनै जानकारी भएका व्यक्तिहरूलाई अगाडि आउन आग्रह गर्दै भन्नुभयो ।

# पूर्वीचितवनका सिमसारमा ५५ प्रजातिका चरा भेटिए

भरतपुर । पूर्वीचितवनका सिमसार क्षेत्रमा गरिएको गणनामा यस वर्ष ५५ प्रजातिका चरा भेटिएका छन् । बर्ड एजुकेशन सोसाइटी र नेपाल पन्छीविद् सङ्घको आयोजनामा यही पुस २२ र २३ गते चितवन राष्ट्रिय निकुञ्ज र आसपासमा फैलिएका तालतलैया र नदीनालामा गणना गरिएको थियो ।

गत वर्ष नभेटिएका दुई प्रजातिका चरासमेत यसपटक भेटिएका छन् । बर्ड एजुकेशन सोसाइटीका कार्यक्रम संयोजक चराविज्ञ बासु बिडारीका अनुसार यसपालि कालो टाउके गङ्गाचिल र राजा गङ्गाचिल देखिएका हुन् । गत वर्ष भेटिएका सबै प्रजातिका चरा यसपापलि पनि भेटिएको उहाँले बताउनुभयो । गत वर्ष ५३ प्रजतिका चरा देखिएका थिए ।

यस वर्ष लोथरबाट दरै बोटेताल, गैडहवा (जिन्दगानी घाट)बाट सौराहाघाट, सौराहाघाटबाट कसरा पुल, तमोर ताल, लामी ताल, बीस हजार ताल र यससँग सम्बन्धित ताल भण्डारा माछापोखरी, बुढी राप्ती ढुङ्गरे खोला, पटना ताललगायत पूर्वीचितवनको सिमसारमा गरिएको थियो । बिडारीले दुई दिन भएको गणनामा सात हजार एक सय ५० चरा समावेश भएको जानकारी दिनुभयो । तीमध्ये चार हजार एक सय सात चखेवाचखेवी रहेको उहाँले बताउनुभयो ।

अघिल्लो वर्ष सात हजार पाँच सय १७ चरा समावेश भएका थिए । अघिल्लो वर्षभन्दा चखेवाचखेवीको संख्या घटेको हो । अघिल्लो वर्ष चार हजार तीन सय चार भेटिएको उहाँले बताउनुभयो । सौराहाघाटबाट कसराघाटसम्म ४१ प्रजाति भेटिएका छन् । यस्तै, लोथरबाट जिन्दगानी घाटसम्म दुई, जिन्दगानी घाटबाट सौराहाघाटसम्म २५, बीस हजार तालमा ३०, बुढीराप्तीमा २६, ढुङ्गरे खोलामा २४, मत्यविकास केन्द्रमा १८, लामी तालमा १६, पटना तालमा १२ र तमोर तालमा चार प्रजातिका चरा भेटिएको उहाँले बताउनुभयो ।

सात हजार एक सय ५० चरा समावेश हुँदा पानि हाँसमात्र चार हजार एक सय सातवटा समावेश भएको उहाँले बताउनुभयो । जलकौवा सानु एक सय १७ र ठूलो चार सय ६० वटा गणनामा समावेश भएका छन् । बर्ड एजुकेशन सोसाइटीका पूर्वअध्यक्षसमेत रहनुभएका बिडारीले प्रदूषण, नदीजन्य पदार्थ उत्खनन र बढ्दो मानवीय चहलपहलका कारण जलपन्छीको संख्या घट्दै गएको बताउनुभयो । "जलेवा चरा बढेका छन् । चखेवाको संख्या उस्तैउस्तै छ", बिडारीले भन्नुभयो ।रासस

# भरियाले धानेको खुम्बु क्षेत्रको ढुवानी

सोलुखुम्बु । खुम्बुको ठाडो उकालो बाटो, त्यसमाथि पिठ्युँमा सय किलोको काठ । पसिनाले निथ्रुक्क भिजेको शरिर । आकाश कुलुङको दैनिकी यसरी नै बित्ने गरेको छ । बिहान सूर्योदयसँगै सुरू हुने यात्रामा उहाँ पिठ्युँमा सय किलो बढीको भारी बोकेर सुर्केबाट लुक्लातर्फ करिब पाँच घण्टाको कठिन उकालो पार गर्नुहुन्छ ।



यो बाटो अन्य यात्रुलाई रित्तो हिँड्न पनि हम्मेहम्मे पर्दछ । तर उहाँका लागि यही उकालो नै परिवारको जीवन धान्ने गतिलो माध्यम बनेको छ । उमेरले २६ वर्षमात्र पुगेका कुलुङको घर सोलुखुम्बु महाकुलुङ गाउँपालिका-४ गुदेल हो । निम्नवर्गीय परिवारमा जन्मिएका उहाँले सानैदेखि सङ्घर्षसँग साक्षत्कार गर्नुपर्यो । सानै उमेरमा आमा गुमाउनुभएका उहाँको घरमा अहिले बुबा, श्रीमती र दुई साना छोरा छन् । बालबच्चाको शिक्षादीक्षा र सिङ्गो परिवारको पालनपोषण गर्ने जिम्मेवारी कुलुङकै काँधमा छ । परिवारको गुजारा चलाउन र बालबच्चाको शिक्षादीक्षाको खर्च जुटाउन दैनिकजसो भारी बोक्नु उहाँको बाध्यता हो ।

"हाम्रो जिन्दगी यसरी नै चल्छ । यो काम नगरी बाँच्न सकिँदैन", निधारको पसिना पुच्दै उहाँ भन्नुहुन्छ । दैनिक जीवनको लागि काठ, खाद्यान्न, जस्तापाता र अन्य सामग्रीका भारी बोकेर उकाली चढ्दा कुलुङ दिनभरि पसिना बगाउनुहुन्छ । भारी बोक्ने एक दिनमा उहाँले रु दुई हजार पाँच सयदेखि तीन हजारसम्म कमाउनुहुन्छ, तर यो कमाइले परिवारको आवश्यकता पूरा गर्न हम्मेहम्मे पर्छ ।

बढ्दो महँगी र घट्दो आर्थिक उपार्जनले कुलुङजस्ता धेरै युवाको गुजारा कठिन अवस्थामा धकेलेको छ । तर यही आम्दानीलाई मुख्य स्रोत मान्दै भारी बोक्नुपर्ने बाध्यता यहाँका बेरोजगार युवामा छ ।

**उकालोमा पसिनाको कथा**

सुर्केबाट लुक्लासम्मको यात्रामा उकाला मात्र छैनन्, खुड्किला-खुड्किला परेको अप्ठ्यारो बाटो पनि छ । यो बाटोमा भारी बोक्दै उकाली चढ्नु चानचुने कुरा होइन । भारी बोक्दा थाकेर कुलुङ केही समय विश्राम गर्नुहुन्छ । त्यहीबेला लामो श्वास फेर्दै उहाँ भन्नुहुन्छ, "यो जिन्दगी सजिलो छैन ।"

कुलुङका अनुसार खुम्बु क्षेत्रमा काम गर्ने भरियाको कामले मात्र स्थानीय ढुवानी प्रणाली धानेको छ । सडक अभावमा सामान ओसार्न भरियाकै भर पर्नुपर्छ । आकाश कुलुङ एक प्रतिनिधि पात्रमात्र हुन् । खुम्बु क्षेत्रका सयौँ भरियाको जीवन यस्तै छ । महाकुलुङ, सोताङ र आसपासका विकट गाउँका युवा रोजगार खोज्दै खुम्बु पुग्छन् । भारी बोक्ने कामले उनीहरूको परिवारको जीविका धानेको छ । तर यो कामले न उनीहरूको जीवन सजिलो बनाएको छ, न भविष्यको ग्यारेन्टी नै गरेको छ । सुर्केसम्म सडक विस्तार भइसकेको छ, तर त्यसभन्दा माथि सडक पुगेको छैन । यसले गर्दा लुक्ला र आसपासका क्षेत्रमा भरियाको माग छ ।

सामान ओसार-पसारको एकमात्र विकल्प मानव श्रम नै हो । खुम्बु क्षेत्रका पर्यटक गन्तव्य विश्वमै प्रसिद्ध छ, तर त्यहाँका भरियाको जीवन भने उस्तै कष्टकर छ । खुम्बुमा महँगी भएका कारण दिनभर कमाएको आम्दानी खानामै बढी खर्च हुने गरेको भरिया नवराज विकले बताउनुभयो ।

"यहाँ महँगो छ, दिनभर पसिनाको धारा छुटाएर भारी बोक्छौँ तर त्यो पैसा खाना बस्नमा धेरै खर्च हुन्छ, यहाँ यसो हिसाब गर्दा चाहिँ धेरै कमाइ भयोजस्तो लाग्छ तर घर फर्किँदा कहिले त रित्तो हातजस्तै हुन्छ, गाह्रो छ भरियाको जिन्दगी", विकले भन्नुभयो । उनीहरूका लागि भारी बोक्नुबाहेक अरू विकल्प छैन । उनीहरूको पसिनाले खुम्बुको अर्थतन्त्र धानेको छ, तर भारियाको जीवनमा स्थायित्व र सुविधा भने आउन सकेको छैन ।

"मलाई अर्को सजिलो काम भेटिए हुन्थ्योजस्तो लाग्छ", भरिया विक भन्नुहुन्छ । यति मेहनत गरे पनि यहाँ भरियालाई गर्ने व्यवहार भने फरक रहेको उनीहरूको गुनासो छ । भारी बोक्ने भन्नेबित्तिकै नराम्रो नजरले हेर्ने र कतिले त अपमान नै गर्ने गरेको भारियाहरूको गुनासो छ ।

खुम्बुको उकालो र भारी बोक्ने कथाले नेपालका विकट क्षेत्रका युवाहरूको जीवनको यथार्थलाई चित्रण गर्दछ । विकट भूगोल र विकासको असमानताले उनीहरूको सङ्घर्षलाई थप चुनौतीपूर्ण बनाएको छ । स्थानीय पूर्वाधारको सुधार र रोजगारीका विकल्प खोज्नु यस्ता समस्याको दीर्घकालीन समाधान हुनसक्छ ।

आकाश कुलुङ र नवराज विकजस्ता युवाहरूले ढुवानीमा गरेको परिश्रमलाई सम्मान गर्दै सरकारले उनीहरूको जीवनस्तर सुधार गर्ने योजना अघि सार्न आवश्यक छ । खुम्बुका पर्यटकका लागि यो उकाली दृश्यावलोकनको रमाइलो पाटो हो । तर भारियाका लागि यो उकाली जीवन धान्ने सङ्घर्ष हो ।रासस

# सखरखण्डर र पिँडालुको मूल्य उच्च

काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले आइतबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । आइतबार गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभैँडासानो(लोकल)प्रतिकेजी रु २५, गोलभैँडा सानो (भारतीय) प्रतिकेजी रु ३५, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु ३५, आलु रातो प्रतिकेजी रु ४५, आलु रातो (भारतीय) प्रतिकेजी रु ४२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७०, गाजर (लोकल) प्रतिकेजी रु ८०, गाजर (तराई) प्रतिकेजी रु ७०, बन्दा (लोकल) प्रतिकेजी रु ३०, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु २५, काउली स्थानीय प्रतिकेजी रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २५, काउली तराई प्रतिकेजी रु २०, मूला रातो प्रतिकेजी रु ३०, मूला सेतो (लोकल) प्रतिकेजी रु ३०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ४०, भन्टा लाम्चो प्रतिकेजी रु ६०, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ ।



यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु ९०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ८०, टाटे सिमी प्रतिकेजी रु ४०, तिते करेला प्रतिकेजी रु ९०, लौका प्रतिकेजी रु ५०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २५, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २५, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु १००, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु २०, पालुङ्गो साग प्रतिकेजी ८०, चमसुरको साग रु ८०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ८०, प्याज हरियो प्रतिकेजी रु ६०, बकुला प्रतिकेजी रु ८०, तरुल प्रतिकेजी रु १२०, च्याउ (कन्य) प्रतिकेजी रु १२०, च्याउ (डल्ले) प्रतिकेजी रु ३८० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ५०, चुकुन्दर प्रतिकेजी रु ९०, रातो बन्दा प्रतिकेजी रु ७०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्दुक प्रतिकेजी रु ३०० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १४०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १२५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १२०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ९०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ६०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु ११०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ६०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ७०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ७०, लसुन हरियो प्रतिकेजी रु १३०, हरियो धनिया प्रतिकेजी रु ६०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी रु १६०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

# सात करोडको काठ वन कार्यालयमै कुहिँदै

धरान । सुनसरीको धरान उपमहानगरपालिका-८ तीनकुनेमा रहेको सबडिभिजन वन कार्यालय पाँचकन्या र विष्णुपादुका सबडिभिजन वन कार्यालयमा राखिएको काठ कुहिन थालेको छ ।



लामो समयसम्म ठेक्का लाग्न नसक्दा भण्डारण गरिएको १५ हजार क्युफिट काठ वन कार्यालयमै कुहिएर काम नलाग्ने भएको सबडिभिजन वन कार्यालय पाँचकन्याका प्रमुख महेशकुमार साहले जानकारी दिनुभयो । दुई दशकदेखिको काठ यहाँ रहेको छ । विशेषगरी मुद्दाको काठ वर्षौंदेखि थन्किएको छ ।

"ठेक्का नलाग्दा रु सात करोड बराबरको काठ त्यत्तिकै थन्किएर वन कार्यालयमै कुहिन थालेको छ", प्रमुख साहले भन्नुभयो । अहिले 'ए ग्रेड' को प्रतिक्युफिट काठ रु एक हजार दुई सय, 'बी ग्रेड'को रु नौ सय र 'सी ग्रेड'को रु छ सय ५० मा बिक्री हुँदैआएको छ ।

नेपाल वन पैदावर उद्योग व्यवसायी सङ्घका अध्यक्ष डिकबहादुर भुजेलले झन्झटिला नीति-नियमका कारण काठ त्यसै खेर गइरहेको बताउनुभयो । नेपाली काठ उत्पादन प्रशस्त भए पनि सरकारको नीति र कर्मचारीले नै विभिन्न झमेला गरिदिँदा काठ त्यत्तिकै खेर जाने गरेको उहाँको भनाइ छ ।

जिल्ला वन कार्यालयका अनुसार यहाँ आर्थिक वर्ष २०८०/८१ मा ६४ हजार पाँच सय क्युफिट काठ थन्किएको छ । चालु आव २०८१/८२ को हालसम्ममा २५ हजार चार सय क्युफिट काठ नयाँ थपिएको छ । एक महिनाअघि वन कार्यालयले १६ हजार नौ सय क्युफिट काठ बोलपत्र प्रक्रियाबाट बिक्री गरेको छ भने हाल वन कार्यायलमा ७२ हजार नौ सय क्युफिट काठ घाटगद्दी गरिएको कार्यालयले जनाएको छ ।रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## छुट जग्ग सम्बन्धी हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस मुडवलवा न.पा. वार्ड न. १ हाल राजदेवी न.पा.७ मा बस्ने नेमधारी राय यादबको नाती राम श्रेष्ठको छोरा प्रदिप कुमार यादबले आफनो नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गा रौतहट जिल्ला अदालत गौरको मिति २०६३।०१।०७ को फैसला साथै रौ.जि.अ.गौरको दे.न.९२५-५२-६३ मिति २०६३।०५।२१ को मिलापत्र बमोजिम आफनो अंशभागमा परेको जग्गा दा.खा.गरी अप्रमाणित जग्गा प्रमाणित गरी पाउँ भनि द.न.६६८३ मिति २०८१।०९।०९ को माग भई आएकोमा मोठ भिडान हुदा मोठ कायम रही ज.ध.मा झगडा उल्लेख रहेको झगडाको नाउँमा रोक्का नदेखिएको साथै तिनपुस्ते नरहेको,साथै गौर नपा १ को चलानी न.२१३ मिति २०८१।०६।०७ को दा.खा.गरी छुट जग्गा दर्ता गरिदिने भनि सिफारिस भई आएको साथै यस कार्यालयको मिति २०८१।०९।२४ को आदेशा बमोजिम गरी अप्रमाणित जग्गा प्रमाणित लागि हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ताभित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित गरि दा.खा. नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाणसहित आफु वा रितपूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिनभित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम एकलौटी दा.खा. नामसारी भै जानेछ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षे.फ. | तर्फ | दर्तावाला |
|---|---|---|---|---|---|---|
| रौतहट | मुडवलवा | १ | ४४४ | १-१०-१२ | मध्ये दक्षिणतर्फवाट ०-१५-६ अशोकभन्दा उतरतर्फबाट ०-२-११ | झगडा |
| रौतहट | मुडवलवा | २ | ४३६ | ०-४-१८ | मध्ये दक्षिणतर्फवाट ०-२-९ | झगडा |
| रौतहट | मुडवलवा | ५ | ११६ | ०-६-० | मध्ये दक्षिणतर्फवाट ०-३-० | झगडा |
| रौतहट | मुडवलवा | ५ | १०५ | ०-३-१५ | मध्ये पक्षिचमतर्फवाट ०-१-१७-५ | झगडा |
| रौतहट | मुडवलवा | ५ | १७९ | ०-२-१० | मध्ये पक्षिचमतर्फवाट ०-१-५ | झगडा |
| रौतहट | मुडवलवा | ५ | १३६ | ०-४-५ | मध्ये पूर्वतर्फवाट ०-२-२-५ | झगडा |
| रौतहट | मुडवलवा | ५ | १४३ | ०-०-१३ | मध्ये पूर्वतर्फवाट ०-०-६-५ | झगडा |
| रौतहट | मुडवलवा | २ | २१ | ०-३-१३ | मध्ये दक्षिणतर्फवाट ०-१-१९-५ | झगडा |
| रौतहट | मुडवलवा | १ | ३८० | ०-३-५ | मध्ये दक्षिणतर्फवाट ०-१-१२-५ | झगडा |
| रौतहट | मुडवलवा | ८ | २३५ | ०-१-१० | मध्ये पक्षिचमतर्फवाट ०-०-१५ | झगडा |
| रौतहट | मुडवलवा | ७ | ९९ | ०-१-० | मध्ये दक्षिणतर्फवाट ०-०-१० | |
| रौतहट | मुडवलवा | ७ | २१९ | ०-१-१० | मध्ये उतरतर्फवाट ०-०-१५ मध्ये सुर्मिला देवीको अंशभागदेखि उतरतर्फवाट ०-०-३ | झगडा |
| रौतहट | मुडवलवा | १ | ८ | ०-६-५ | मध्ये दक्षिणतर्फवाट ०-३-२-५ | झगडा |
| रौतहट | मुडवलवा | ५ | १८० | ०-१२-० | मध्ये दक्षिणतर्फवाट ०-६-० मध्ये पूर्वतर्फबाट ०-१-० | झगडा |
| रौतहट | मुडवलवा | ७ | ६ | ०-८-१५ | मध्ये दक्षिणतर्फवाट ०-८-१५ मध्ये अशोक कुमारबाट उतर ०-१-१ | झगडा |
| रौतहट | मुडवलवा | २ | ७३ | ०-८-११ | मध्ये दक्षिणतर्फवाट ०-४-५-५ मध्ये उतरतर्फबाट ०-२-० | झगडा |
| रौतहट | मुडवलवा | ७ | १२६ | ०-०-७ | मध्ये दक्षिणतर्फवाट ०-०-३-५ | झगडा |
| रौतहट | मुडवलवा | ९ | ५६८ | ०-६-८ | मध्ये पक्षिचमतर्फवाट ०-३-४ मध्ये पूर्वतर्फबाट ०-१-१२ | झगडा |
| रौतहट | मुडवलवा | ७ | २ | ०-१-१५ | मध्ये उतरतर्फवाट ०-०-१७-५ मध्ये पूर्वतर्फबाट ०-००-८-१२ | झगडा |


# आठ करोडको लगानीमा पर्वतमा चुत्रो प्रशोधन उद्योग सञ्चालन

पर्वत । चुत्रो प्रशोधन गरी आयुर्वेदिकऔषधि बनाउन यहाँ चुत्रो प्रशोधन उद्योग सञ्चालनमा ल्याइएको छ । चिनियाँ लगानीकर्ताको झण्डै रु आठ करोडको लगानीमा कुश्मा नगरपालिका-५ स्थित जलकेनीमा रहेको कालीण्डकी नदी किनारमा 'एसडिएसडी' उद्योग सञ्चालन गरिएको हो । दैनिक २० टन जडीबुटी प्रशोधन क्षमता रहेको प्रशोधन केन्द्र गत सातादेखि सञ्चालनमा आएको छ । चीनको छिफु वायोटेक्नोलोजी प्रालिले चुत्रो प्रशोधन केन्द्र स्थापना गरेको कम्पनीका प्रतिनिधि दीपेन्द्रबहादुर भण्डारीले जानकारी दिनुभयो ।



पर्वतलगायत आसपासका जिल्लामा प्रशस्त मात्रामा पाइने गैरकाष्ठ वन पैदावारअन्तर्गत पर्ने चुत्रो सङ्कलन गरेर यहाँ प्रशोधन गरिने भएको छ । चुत्रो पर्वत, म्याग्दी, बागलुङ, कास्की, लमजुङ, स्याङ्जालगायत जिल्लामा प्रशस्त पाइन्छ ।

चुत्रोको जरा, हाँगा र डाँठलाई प्रशोधन गरी आयुर्वेदिक औषधिको कच्चा पदार्थ तयार गरिने भएको हो । यहाँ उत्पादित धुलो चीन पठाएर औषधिजन्य पदार्थमा मिश्रण गरी 'पेनकिलर', 'सुगर' रोग लगायतका औषधि बनाइने बताइएको छ । चुत्रोको कच्चा पदार्थलाई खनेको र काटेको एक हप्ताभित्र नसुक्दै हरियो अवस्थामै उद्योगसम्म ल्याउनुपर्दछ । यसका लागि कम्पनीले प्रतिकिलो रु २० का दरले मूल्य निर्धारण गरी किसानसँग चुत्रोको कच्चा पदार्थ र प्रतिकेजी रु आठका दरले गुर्जो गानो खरिद गर्ने जनाएको छ । प्रशोधन गरिने चुत्रोको माटोभन्दा माथि हुने काठको गोलाई साढे दुई इन्चभन्दा माथि जति पनि ल्याउन सकिने उद्योगले जनाएको छ ।

छिफु कम्पनीका व्यवस्थापक तथा सूचना अधिकारी हरिकुमार श्रेष्ठका अनुसार प्रशोधन केन्द्रले यही औषधि तयार गर्ने नभई कच्चा पदार्थमात्र तयार गर्ने भएको हो । यहाँ कामै नलाग्ने काँडे झाडीका रूपमा लिइएको पदार्थलाई बिक्री गरेर किसानले समेत प्रशस्त आम्दानी गर्ने श्रेष्ठले बताउनुभयो ।

उद्योगसम्म ल्याएको जरा र डाँठलाई नुन, पानी र 'सल्फिड एसिड'मा कच्चा पदार्थमा केही दिन मिश्रण गराएर भिजाएर, निकालेर र सुकाएपछि धूलो बनाएर प्याक गरी निकासी गरिन्छ । सुरुमा प्रशोधन केन्द्र सञ्चालनका लागि उद्योग विभागबाट स्वीकृत भएका ३० जना कामदार भर्ति गरिने भएको छ ।रासस

# यस्तो छ निर्धारित विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । निर्धारित विनिमय दरअनुसार, अमेरिकी डलर एकको खरिदर एक सय ३७ रुपैयाँ २५ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ८५ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ४० पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ०२ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर एक सय ६८ रुपैयाँ ७४ पैसा र बिक्रीदर एक सय ६९ रुपैयाँ ४८ पैसा, स्वीस फ्र्याङ्क एकको खरिदर एक सय ५० रुपैयाँ १६ पैसा र बिक्रीदर एक सय ५० रुपैयाँ ८२ पैसा कायम गरिएको छ ।

यस्तै अष्ट्रेलियन डलर एकको खरिदर ८४ रुपैयाँ ९५ पैसा र बिक्रीदर ८५ रुपैयाँ ३२ पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रुपैयाँ २९ पैसा र बिक्रीदर ९५ रुपैयाँ ७१ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय रुपैयाँ ३४ पैसा र बिक्रीदर एक सय रुपैयाँ ७७ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिदर आठ रुपैयाँ ६८ पैसा र बिक्रीदर आठ रुपैयाँ ७२ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ७२ पैसा र बिक्रीदर १८ रुपैयाँ ८० पैसा, साउदी अरेबियन रियाल एकको खरिदर ३६ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ६५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८१ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिदर तीन रुपैयाँ ९७ पैसा र बिक्रीदर तीन रुपैयाँ ९९ पैसा, युएई दिराम एकको खरिदर ३७ रुपैयाँ ३७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५३ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ५२ पैसा र बिक्रीदर ३० रुपैयाँ ६६ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३५ पैसा र बिक्रीदर नौ रुपैयाँ ३९ पैसा, स्वीडिस क्रोनर एकको खरिदर १२ रुपैयाँ ३१ पैसा र बिक्रीदर १२ रुपैयाँ ३६ पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ९५ पैसा र बिक्रीदर १९ रुपैयाँ ०३ तोकिएको छ ।रासस

# सरकारको कार्यशैलीका बारेमा सकारात्क कलम चलाउन आग्रह

**टुडे समाचारदाता**

राजविराज । गृह, संचार तथा कानुन मन्त्री राजकुमार लेखीले तीनै तहका सरकारको कार्यशैलीका बारेमा स्वच्छ रुपमा कलम चलाउन संचारकर्मीहरुलाई आग्रह गरेका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिकाकोफत्तेपुरमाआइतबार




आयोजित प्रदेश सुरक्षा समन्वय समितिको बैठकमा भाग लिन आएका मन्त्री लेखीले बैठकपछि राजविराजमा पत्रकार सम्मेलन मार्फत यस्तो आग्रह गरेका हुन् ।

मुलुकमा आएको ऐतिहासिक परिवर्तनका पछाडी प्रेस जगतको ठूलो भूमिका रहेको बताउँदै उनले संघीयता, समावेशीता, गणतन्त्र जस्ता उपलब्धीलाई बचाएर राख्न प्रेसको पनि जिम्मेवारी रहेको जिकिर गरे ।

"सही र सत्यतथ्यमा आधारित भएर पत्रकारले सरकारबाट हुने गलत काममा बारेमा पनि लेख्न हिचकिचाउनु हुदैन्, उनले भने, यसले सरकारलाई सचिएर काम गर्न सुझाव मिल्दछ ।"

संघीयताकै कारण मुलुकमा विकासीय काम तिब्रगतिमा अघि बढेको दाबीका साथ उनले यसलाई खारेज हुनु पर्ने भनी कुनै कुनै कोणबाट कुरा उठ्नु पश्चगामी सोच रहेको बताए । नयाँ संविधानमा ग्यारेन्टी भएको संघीयता खारेज हुँदा संविधान नै धरापमा पर्ने बताउँदै उनले यस्ता कुरामा संचारजगतले पनि विचार पुऱ्याउनु पर्नेमा जोड दिए ।

प्रदेशमा खुल्ला सीमाका कारण लागु औषधको कारोबार, तस्करी लगायतका अपराधिक घटनालाई मध्यनजर गरि सुरक्षा समन्वय समितिको बैठकमा बृहत छलफल भएको उनले जानकारी दिए ।

> "सही र सत्यतथ्यमा आधारित भएर पत्रकारले सरकारबाट हुने गलत काममा बारेमा पनि लेख्न हिचकिचाउनु हुदैन्, उनले भने, यसले सरकारलाई सचिएर काम गर्न सुझाव मिल्दछ ।"

मन्त्री लेखीका साथमा प्रदेश नीति आयोगका सदस्य डा. शिला मिश्रा, नेपाल प्रहरीका डिआइजी लालमणि आचार्य, सशस्त्र प्रहरीका डिआइजी कालिदास धौजी श्रेष्ठ, राष्ट्रिय अनुसन्धानका निर्देशक माधव तिमिल्सिना समेत आएका थिए ।

# 'राजनीतिमा एसको आफ्नो छुट्टै पहिचान'

"नेकपा (एकिकृत समाजवादी) नेपालको राजनीतिमा स्थापित दल भइसकेको छ । यो पार्टीको आफ्नो एउटा पहिचान छ । यो पार्टी शानका साथ नेपालको राजनीतिमा उभिएको छ । यो पार्टीको आफ्नै इज्जत, मान र सम्मान छ ।"

**अनिल तिवारी**

वीरगञ्ज । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधव कुमार नेपालले नेपालको राजनीतिमा एकीकृत समाजवादीको आफ्नो छुट्टै पहिचान स्थापित भइसकेको दाबी गरेका छन् ।




वीरगञ्जमा आइतबार आयोजित नेकपा (एकिकृत समाजवादी) पर्साको नवौँ जिल्ला अधिवेशनको उद्घाटनमा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले भने,' नेकपा (एकिकृत समाजवादी) नेपालको राजनीतिमा स्थापित दल भइसकेको छ । यो पार्टीको आफ्नो एउटा पहिचान छ । यो पार्टी शानका साथ नेपालको राजनीतिमा उभिएको छ । यो पार्टीको आफ्नै इज्जत, मान र सम्मान छ ।'

यद्यपि २००६ सालमा स्थापित नेपालको कम्युनिष्ट पार्टी समय समयमा टुक्रिनु भनेको दुभार्ग्यपूर्ण भएको बताए ।

उनले नेपाल राष्ट्रको एकीकरण गर्ने पृथ्वीनारायण शाहप्रति आफनो उच्च सम्मान रहेको बताउँदै राज्यले पनि उनलाई सम्मान गर्नुपर्नेमा जोड दिए । उनले भने, 'देशको हितमा काम गरेकाहरुलाई राज्य र दलहरुले संकीर्ण सोच त्यागेर सम्मान गर्न सक्नुपर्छ र गर्नु पनि पर्छ ।'

प्रधानमन्त्रीसमेत रहेका एमालेका अध्यक्ष केपी शर्मा ओलीप्रति कटाक्ष गर्दै पूर्वप्रधानमन्त्री नेपालले भने, 'माधव नेपालको अनुहार पनि हेर्न मन लाग्दैन भन्ने व्यक्ति नै सत्ता र कुर्सी चाहिएका बेला भने दौडेर म कहाँ आउनु पर्‍यो ।' तर आफु कसैप्रति घृणाको भाव नराखेको उनले स्पष्ट पारे । अध्यक्ष नेपालले भने, 'जस्तो बीउ रोप्यो फलपनि त्यस्तै फल्छ । जसले घृणाको बीउ रोप्छ फलमा पनि घृणा नै पाउँछ ।'

दुई ठूला शक्तिराष्ट्र चीन-भारतबीचमा रहेको नेपाल क्षेत्रफल सानो भए पनि नेपालको आफ्नो छुट्टै इज्जत, प्रतिष्ठा र स्वाभिमान रहेको धारणा उनले राखे ।

हरेक राजनीतिक दलले नेपाल र नेपालीको हितमा काम गर्नुपर्नेमा जोड दिए । उनले अमेरिका, रुस, चीन, भारतलगायतका देशका सरकारप्रमुखसंग नेपालको हित र प्रतिष्ठा बढाउनका लागि आफुले संवाद र छलफल गरेको उनले बताए ।

जनताको विश्वास र समर्थन प्राप्त गरेमात्रै पार्टी बलियो हुने भन्दै उनले जनताको विश्वास र समर्थन पाउनका लागि कार्यकर्ताले मेहनत गर्न आवश्यक भएको बताए । अध्यक्ष नेपालले भने, 'जुन दलका नेता तथा कार्यकर्ता जनताको माझमा गएर उनीहरुका पीडा, वेदना र समस्या सुन्छन् । ती दललाई नै जनताको समर्थन र साथ प्राप्त हुन्छ । यसका लागि जनताको माझमा जान म नेता कार्यकर्ताहरुलाई आग्रह गर्छु ।'

नेकपा एस पर्साका अध्यक्ष बालगोपाल थापाको अध्यक्षतामा भएको जिल्ला अधिवेशनको उद्घाटन समारोहलाई नेपाली कांग्रेस पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मी, जनता समाजवादी पार्टी नेपाल पर्साका अध्यक्ष रामनेश प्रसाद यादव, राप्रपाका नेता सुमेश्वरनाथ उपाध्याय लगायतकाले पनि बोल्दै अधिवेशनको सफलताको शुभकामना दिए ।

नेकपा एस पर्साका अध्यक्ष बालगोपाल थापाको अध्यक्षतामा भएको जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रममा नेपाली कांग्रेस पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मी, जनता समाजवादी पार्टीनेपाल पर्साका अध्यक्ष रामनेशप्रसाद यादव, राप्रपाका नेता सुमेश्वरनाथ उपाध्यायलगायतकाले पनि बोल्दै अधिवेशन सफलताको शुभकामना दिएका थिए ।

# बहुअर्वाको शैक्षिक अवस्था दयनीय

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनौजी गाउँपालिकामा शैक्षिक अवस्था दयनीय रहेको छ ।

धनौजी गाउँपालिका- ५ स्थित बहुअर्वाको पुरानो बासुदेव हाई स्कुलको अवस्था दयनीय रहेको छ ।

केही वर्षदेखि राजनीतिक खिचातानीले सो स्कुलको अवस्था दिनानुदिन दयनीय हुँदै शैक्षिक वातावरण धूमिल हुँदै गएको छ ।

दलगत स्वार्थका कारण विद्यालयको व्यवस्थापन समितिसमेत गठन हुन सकेको छैन । सो पालिकामा नेपाली कांग्रेसकै जनप्रतिनिधिहरुको बाहुल्यता रहे पनि शैक्षिक सुधारका लागि बेवास्ता गरिरहेको आरोप लाग्ने गरेको छ ।

सो विद्यालयका प्रधानाध्यापक र वडाध्यक्षको आ-आफ्नै स्वार्थका कारण शैक्षिक अवस्था खस्किँदै गएको स्थानीयवासी रामनारायण प्रसाद मण्डलको आरोप छ ।

उनी भन्छन्, प्रधानाध्यापक र वडाध्यक्ष दुबैको आ-आफ्नो अडान हुँदा विद्यालय व्यवस्थापन समितिलगायत शैक्षिक अवस्था पनि अन्योल भएको छ । जसकारणले गर्दा विद्यालयमा



विद्यार्थीहरुको भविष्यमाथि ठूलो ग्रहण लाग्ने सम्भावना रहेको छ ।'

स्थानीय रामनारायण प्रसाद मण्डलले विद्यालयप्रति आफ्नो चिन्ता पोख्दै यसरी आफ्नो भावना राखेका छन् ।

उनको विचारमा 'बहुअर्वाको भौगोलिक अवस्थाको आँकलन गर्ने हो भने त्यहाँ पश्चिम तर्फ, पूर्व तर्फ र उत्तर तर्फ तीन तीन वटा प्राथमिक विद्यालयको आवश्यकता छ । फिडर प्राथमिक शिक्षालयको अभावमा तेत्रो विद्यार्थी संख्या बासुदेव मा.वि. टेकन सक्दैन । त्यसै उद्देश्यले २०७८ सालमा पश्चिम तर्फ अवधुतनीलाई आधारभूत विद्यालय संचालनार्थ वडा कार्यालयबाट सिफारिस भयो । तर गाउँपालिका स्वीकृति गरेको छैन । मा. पूर्व मन्त्री विलमेन्द्र निधि, मा. पूर्व मन्त्री आनन्द ढुंगाना, प्रदेश सांसद राम सरोज यादव, प्रदेश सभामुख रामचन्द्र मण्डल र काँग्रेस जिल्ला सभापति योगेन्द्र पंजियार समेतले धनौजी गाउँपालिका अध्यक्ष राजकुमार साहलाई अनुरोध गर्दा समेत टेर पुच्छर लागेन । विद्यालय संचालनको लागि घोघाई पोखरीको दक्षिणवारी डिलको साथै वा.नं. ४ कित्ता नं. १४४ क्षेत्रफल ०-३-९ धुर महोत्तरी मटिहानी स्थान तालुक रहेको जग्गा पनि सिफारिस गरेको थियो । मटिहानी स्थान गुठीले लिज वा विक्रीमा विद्यालयलाई जग्गा दिने मन्जुरी गरी सकेको यहाँ उल्लेख गरी राख्नु आवश्यक छ ।

यही पुस २७ गते वडा नं. ५ को अध्यक्षको रोहवरमा ग्रामीणहरुको विस्तृत वैठकमा वार्ड अध्यक्षले स्वयं स्वीकार गरेको छ । पूर्व तर्फको जग्गा मुश्लिम समुदायले ५ (पाँच) लाखमा खरिद गर्न चाहेको तर मटिहानी गुठी विक्री गर्न नचाहेको । ४० वर्ष देखि बन्द रहेको पशुचिकित्शालयको लागि रु. ३ (तीन) लाख रकम आएको छ । पशु चिकित्सालयको पुरानो भवन मर्मत वा ०-३-९ धुर जग्गामा पर्खाल लगाउन तेस रकमले अपुग हुन जाने मसेत जानकारी गर्नु हुन । अर्को कुरा मटिहानी गुठीले पशु चिकित्सालयलाई हस्तान्तरण गरेको कुनै आधिकारीक पत्र वार्ड समेतमा छैन । गाउँ पालिकाले, नियममा कतै उल्लेख न भएको पुनः नयाँ वार्ड अध्यक्षको सिफारिस चाहिने आश्चर्य पैदा गरेको छ । अवधुतनी भाईको नामबाट विद्यालयको नामाकरणले धार्मिक असहिष्णुता उत्पन्न गरेको छ, छैन ?

नेपालको संविधान २०७२ ले शिक्षा बारे प्रत्येक नागरिकलार्य आधारभूत शिक्षामा पहुँचको हक हुनेछ धारा एवं मौलिक हक उल्लेख गरिएको छ । तीन तीन वटा प्राथमिक विद्यालय हुनुपर्ने वार्डमा एकटा विद्यालय संचालन गर्न ४ वर्ष सम्म पनि स्वीकृति नपाउँदा शैक्षिक अद्योगति स्वतः देखिन्छ । हजारौं नेपाली नागरिक शिक्षाबाट बन्चित भई रहेको यसलाई के भन्ने ? स्थानीय प्रशासन ऐन, नियमावलीमा पनि उल्लेख छ गाउँपालिकाले वार्डको सिफारिसमा विद्यालय स्वीकृत गरिनेछ । सम्वन्धित क्षेत्रले यस्ता स्थानीय शिक्षा क्षेत्रको समस्या, विपदा समयमै समाधान गर्नु पर्नेछ । समयमै ध्यान दिएन भने शिक्षा क्षेत्रमा सोनामी आउन बेर लाग्दैन । यसलाई नकार्न सकिदैन ।'

# 'सत्ता स्वार्थको लागि गरिने मधेशी एकताले ठोस परिणाम दिँदैन'

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय पिछडा वर्ग महासंघले मधेशी दलहरुले एकता र सहकार्यको गृहकार्यमा जुटेको बेला सत्ता स्वार्थको लागि गरिने मधेशी एकताले ठोस परिणाम नदिने जनाएको छ ।




महासंघका राष्ट्रिय अध्यक्ष कौशलकुमार सिंहले आइतबार एक विज्ञप्ति जारी गर्दै मधेशमा रहेका विभिन्न समुदायबीच एकता नगरेसम्म मधेशी एकता सम्भव नहुने तर्क गरे । उनले मधेशका सबै पक्षलाई नसमेटी राजनीतिक लाभको आधारमा मात्र मधेशी दलहरुको एकताको प्रयास थालेको बताए ।

अध्यक्ष सिंहले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ' मधेशमा रहेका पिछडा वर्ग दलित, आदिवासी जनजाति, मुस्लिम र थारुबीच मधेशको अधिकारबारे सघन रुपमा विश्लेषण नगरी मधेशी दलहरुले सत्ता स्वार्थको लागि मात्र गरिने मधेशी एकताले ठोस परिणाम दिन सक्दैन ।'

मधेशको अधिकारमा सबैको अपनत्व हुनेगरी कार्ययोजना बनाएर अगाडि बढ्नुपर्ने, अबको संवाद र सहकार्य सबैसँग हुनुपर्ने तथा सबैको सहभागितामा हुनुपर्ने उनको भनाइ छ ।




# जनमतका केन्द्रीय सदस्यसहित दर्जनौं नेता जसपा नेपालमा प्रवेश



**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका केन्द्रीय सदस्य एवं महोत्तरी क्षेत्र न ३ (ख) का प्रदेशसभा प्रत्याशी दीपेन्द्र मधेशीसहित जनमतका दर्जनौं नेता कार्यकर्ता जसपा नेपालमा प्रवेश गरेका छन् ।

जनकपुरधाम आइतबार जसपा नेपालको पार्टी कार्यालयमा आयोजित कार्यक्रममा पूर्वउपप्रधानमन्त्री तथा जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यतामा जनमत पार्टी पार्टीका नेताहरू प्रवेश गरेका हुन् ।

जनमत पार्टीका युवा नेताहरू सुभाष मिश्रा, लव ठाकुर, बैदप्रकाश यादव, नवीन यादव, गोपाल यादव, राम अनेक यादव, अनिल यादव, रामजनय यादव, प्रशान्त यादव, नरेश यादवलगायतका नेता प्रवेश गरेका छन् ।

अध्यक्ष यादवले नव प्रवेशीहरूलाई माला, अबिर, गम्छा लगाएर स्वागत गरेका थिए ।

# जय ट्रफीः त्रिभुवन आर्मीबाट मधेश पराजित

**टुडे समाचारदाता**

जनकपुरधाम । जय ट्रफी एलिट कप अन्तर्गतको खेलमा त्रिभुवन आर्मी क्लबले मधेश प्रदेशलाई ८ विकेटले पराजित गरेको छ । मधेश प्रदेशले दिएको २८ रनको झिनो लक्ष्यलाई आर्मीले २ विकेट क्षति बेहोरेको छ ।

आर्मीले पहिले ब्याटिङ गर्दै ९ विकेट क्षतिमा २२५ रन बनाएर पारी समाप्तिको घोषणा गरेको थियो । मधेश प्रदेश पहिलो इनिङ्मा १०२ रनमै अलाउट भएर फलोअनमा पर्‍यो । १२३ रनले पछि परेको मधेशले दोस्रो इनिङमा पनि १५० रन मात्रै जोड्न सकेको थियो ।

जम्मा २८ रनको लक्ष्य पाएको आर्मीले त्रितराज दास र सन्तोष कार्कीलाई सस्तोमा गुमाएको थियो । ओपनर इमरान सेख र बसिर अहमदले टिमलाई जित दिलाए । यो जितसँगै त्रिभुवन




आर्मी क्लव फाइनल नजिक पुगेको छ भने मधेश बाहिरिएको छ ।

त्रिभुवन आर्मीको जितमा स्पिनर सहाब आलम र अलराउन्डर बसिर अहमदले महत्वपूर्ण भूमिका निभाए । सहाबले पहिलो इनिङमा ६ विकेट र दोस्रो इनिङमा ३ विकेटसहित ९ विकेट लिएका थिए । बसिरले त्रिभुवन आर्मीको पहिलो इनिङ्मा ६७ रनको अर्धशतकीय पारी खेलेक । दोस्रोमा उनी ४ रनमा नटआउट रह्यो । बसिरले मधेशको पहिलो इनिङमा १ विकेट र दोस्रोमा ४ विकेट लिएका थिए । मधेशको दोस्रो इनिङमा ओपनर मयन यादवबाहेक अन्य ब्याटर चल्न सकेनन् । भने यादवले ४९ रन बनाए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८